मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ५१ ★ ने. सं. ११४६ चिल्ला गा, एकादशी ★ आइतबार ★ १ चैत, २०८२ ★ March 15, 2026, Sunday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## "शिक्षण पेसा नयाँ पुस्ता तयार गर्ने बीउजस्तै हो"



भक्तपुर, ३० फागुन । गणेश माध्यमिक विद्यालय छालिङको ४५ औँ वार्षिकोत्सव समारोह, अभिभावक दिवस, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले विद्यार्थीहरूलाई पाठ्यक्रमभित्र पर्ने नेपालका र विदेशका भाषा सँगसँगै नेपाल र विदेशका थप भाषा पनि सिकाउनु जरुरी छ भन्नुभयो ।

रुसमा दुई सय वर्षअगाडि नै १५ वर्ष उमेरका नयाँ पुस्तालाई ५ देखि ८ भाषामा पोख्त बनाइएको दस्ताबेज उपलब्ध भएको उहाँले बताउनुभयो ।

विद्यार्थीहरूलाई खेलकुद प्रशिक्षण जिम्नास्टिकबाट सुरु गर्नुपर्ने र ठुलालाई सम्मान र सानालाई माया गर्नुपर्ने संस्कार सिकाउनु उपयुक्त हुने विज्ञहरूको मत रहेको उल्लेख गर्दै सचिव सुवालले भन्नुभयो, "शिक्षण पेसा नयाँ पुस्ता तयार गर्ने बीउजस्तै हो । योग्य शिक्षक शिक्षिकाहरूबाटै योग्य नयाँ पुस्ता तयार हुने हो, देशभरि नै विज्ञान, गणित र अङ्ग्रेजी विषयका शिक्षक अभाव भएको धेरै भयो । सरकारले योग्यहरूलाई पनि वैदेशिक रोजगारीमा पठाएको हुँदा थप समस्या भयो । विद्यालय व्यवस्थापन समितिले भएका शिक्षकहरूलाई तालिम र थप अध्ययनमा पठाएर समयअनुसार योग्य बनाउनु आवश्यक छ । विद्यार्थीहरूले मोबाइल, ल्यापटप, कम्प्युटरलगायत सूचना-प्रविधिका उपकरणहरूबाट पाठ्यपुस्तकलाई मद्दत पुग्ने विषय अध्ययन गर्नु जरुरी छ ।"

उहाँले भन्नुभयो, "संरा अमेरिकी सरकारले सन् १९४५ मा जापानमा अणु बम खसालेर संसारभर डर पैदा गर्‍यो । सन् १९६१ सम्म पुग्दा सोभियत सङ्घले पहिलो पटक भूउपग्रहबाट मानिसलाई अन्तरिक्ष यात्रा गरायो । सन् १९७३ मा अमेरिकाले मानिससहित चन्द्रमामा भूउपग्रह पुर्‍याएर फर्कायो । यी सबै विज्ञान र गणितको चमत्कार हो । नेपालमा शासकहरू फेरिन्छन् तर सरकारले सियो पनि बनाउन सकेको छैन ।"

"चाँगुनारायण मन्दिर रहेको डाँडो वरिपरि बालुवा र माटो उत्खनन् भइरहँदा हाम्रो सांस्कृतिक धरोहर चाँगुनारायण पहिरोको खतरामा रहेकोले यो विषय हामीले सडक र संसद्मा उठाएका थियौँ तर सरकारहरूले ध्यान दिएनन्, अब बन्ने सरकारले पनि ध्यान नदिए जनताले सडक सङ्घर्ष गर्नुपर्ने हुन्छ", सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "इजरायली प्रधानमन्त्री नेतन्याहु र अमेरिकी राष्ट्रपति ट्रम्पले इरानमाथि आक्रमण गर्दा नेपालमा पनि खाद्यान्न र इन्धनको अभाव बढ्यो ।

***बाँकी पृष्ठ ८ मा***

## जनताको साथ र सहयोगले सफा, सुव्यवस्थित, सम्पदा संरक्षित, शैक्षिक गन्तव्यस्थल सहरमा परिणत



भक्तपुर, ३० फागुन । बासु माध्यमिक विद्यालयको ६३ औँ वार्षिक समारोह शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उहिलेको अनपढ, फोहोर भक्तपुरलाई नेमकिपाका अग्रज, जनप्रतिनिधि र स्थानीय जनताको साथ र सहयोगले सफा, सुव्यवस्थित, सम्पदा संरक्षित, शैक्षिक गन्तव्यस्थल सहरमा परिणत भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिशु स्याहार केन्द्रदेखि कलेजहरू सञ्चालन गरेर देशको लागि आवश्यक जनशक्ति तयार गर्न लागिपरेको उल्लेख गर्दै उहाँले देश र जनताको सेवा गर्नु नै राजनीतिको उद्देश्य हो भन्नुभयो ।

ख्वप अस्पतालका चिकित्सक एवं पूर्वविद्यार्थी रत्नसुन्दर लासिवाले हाल जनता सर्नेभन्दा नसर्ने रोगबाट ग्रसित भइरहेको स्पष्ट पार्दै मधुमेह, क्यान्सर र रक्तचापबाट जनता सचेत हुनुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा भएको सो समारोहमा उहाँले विद्यालयको विकास र शैक्षिक प्रगतिमा अग्रजहरूको योगदान रहेको बताउनुभयो ।

संयुक्त परीक्षा समितिका अध्यक्ष रोशनराज तुइतुइले भक्तपुरको शैक्षिक क्षेत्रलाई अबल बनाउन लागिपरेको चर्चा गर्दै भक्तपुरले शिक्षामा अग्रणी स्थान हासिल गरिरहेको बताउनुभयो ।


विद्यालयका प्रधानाध्यापक रविलाल प्रधानले आगामी वर्षदेखि कम्प्युटर कक्षा ९-१२ सम्म सञ्चालन गर्ने योजना रहेको उल्लेख गर्दै शैक्षिक स्तर उठाउन शिक्षक-शिक्षिका तथा कर्मचारीबिच छलफल भइरहेको बताउनुभयो ।

विद्यालयको वार्षिकोत्सव समारोहका संयोजक विष्णुप्रसाद दुमरुले अग्रजहरूको अथक मेहनतले विद्यालय यो अवस्थामा आएको उल्लेख गर्दै अभिभावकको विश्वासलाई चोट नपुग्ने गरी काम भइरहेको बताउनुभयो ।

विद्यालयका सहायक प्रअ राजकुमार ह्यौंमिखा, मावि इन्चार्ज रामकुमार निरौला, निमावि इन्चार्ज रामहरि ताम्राकारले पनि विद्यालयको गतिविधि र देनबारे चर्चा गर्नुभयो ।

अभिभावक, शिक्षक र विद्यार्थीहरूलाई सम्मान गरिएको सो कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम पनि देखाइएको थियो ।

### व्यङ्ग्यचित्रको कुनो





## हार्दिक अनुरोध

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ **श्रद्धेय नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्य**मा प्रभात सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित **प्रभात इङ्गलिश सेकेन्डरी स्कूलको ४४ औं स्थापना दिवस**को अवसरमा भक्तपुर नगरपालिका वडा नं. २ र वडा नं. ६ का **ज्येष्ठ नागरिकहरूको सम्मान, विद्यालयमा १० वर्ष, २० वर्ष र २५ वर्ष सेवा अवधि पूरा गरेका सम्पूर्ण शिक्षक एवम् कर्मचारीलाई प्रशंसापत्र वितरण तथा कक्षा ४ देखि ९ सम्मका विद्यार्थीहरूको सांस्कृतिक विधा प्रस्तुत** हुने व्यहोरा सम्पूर्णमा अनुरोध गर्दछौं । उक्त सम्मान कार्यक्रममा ज्येष्ठ नागरिकहरूलाई समयमै उपस्थित गराउनुहुन र यहाँहरूको पनि उपस्थितिको लागि सम्पूर्ण परिवारजनमा हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
**मिति** : २०८२ चैत ७ गते, शनिबार
**समय** : बिहान १०:०० बजे
**स्थान** : ब्यासी-२, भक्तपुर

**प्रभात इङ्गलिश सेकेन्डरी स्कूल**
महाकालीस्थान, ब्यासी, भक्तपुर
फोन नं, ६६१०४३८/६६१७५१४



**साँगामा 'अन्डरपास' निर्माण गरिँदै**

अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म भइरहेको बिस्तार कार्यअन्तर्गत साँगा-धुलिखेल सडक खण्डको दुई जिल्लाको सीमाक्षेत्र साँगामा 'अन्डरपास' निर्माण गरिँदै । सम्झौताअनुसार गत मङ्सिर अन्तिमसाता समयसीमा सकिएपछि पुनः एक वर्ष म्याद थपेर हाल बिस्तार कार्यलाई तीव्रता दिइएको सूर्यविनायक-धुलिखेल सडक आयोजनाले जनाएको छ । *तस्बिरः राजकुमार पराजुली/रासस*

# "विदेशमा सिकेको सीप र ज्ञान मातृभूमिको उन्नयनका निम्ति उपयोग गर्नुपर्छ"

काठमाडौँ, ३० फागुन । परराष्ट्रमन्त्री बालानन्द शर्माले प्रवासमा हासिल गरेको ज्ञान, सीप र अनुभव मातृभूमिको उन्नयनका निम्ति उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ ।

गैरआवासीय नेपाली सङ्घको १२ औँ विश्व सम्मेलनको शनिबार यहाँ शुभारम्भ गर्दै उहाँले र प्रवासी नेपालीलाई मुलुकको आर्थिक, सामाजिक विकासमा साझेदार हुन आह्वान गर्नुभयो ।

प्रविधिका कारण विकास तीव्र रूपमा अगाडि बढिरहेको बताउँदै उहाँले अन्तर्राष्ट्रिय तहमा शक्ति सन्तुलनमा फेरबदल आएकाले देशको भूराजनीतिक सम्बन्ध तथा सौम्य शक्ति वृद्धि गर्न सङ्घले सेतुको काम गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपालका सांस्कृतिक दूतका रूपमा गैरआवासीय नेपालीले पारस्परिक विश्वास अगाडि बढाएर नेपाली माटोमा योगदान पुर्‍याउने विचार व्यक्त गर्दै उहाँले सङ्घको संरक्षण तथा प्रवर्द्धनका लागि सरकारले आवश्यक ऐन परिमार्जन गर्ने जानकारी दिनुभयो ।

फरक प्रसङ्गमा उहाँले अन्तर्राष्ट्रिय तहमा भएका द्वन्द्वका कारण त्यहाँस्थित नेपालीको सुरक्षाप्रति सरकार संवेदनशील रहेको बताउँदै आपतकालीन अवस्थामा उनीहरूलाई सहयोगका लागि परराष्ट्र मन्त्रालयका साथै सम्बन्धित मुलुकस्थित नेपाली नियोगमार्फत उद्धार उडान पनि सञ्चालन गरेको जानकारी दिनुभयो ।

सङ्घका कार्यकारी अध्यक्ष बद्री केसीले नेपालमा लगानी भित्र्याउनेतर्फ आफूहरू क्रियाशील रहेको बताउँदै गैरआवासीय नेपालीको अधिकार संरक्षण गर्न संस्था प्रतिबद्ध रहेको दोहोर्‍याउनुभयो । रासस

# आदर्श समाज निर्माणको मूल आधार शिक्षा



भक्तपुर, ३० फागुन । भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले एभरेस्ट भक्तपुर स्कूलको १६ औँ 'ओपन डे' कार्यक्रमको उद्घाटन गर्दै भक्तपुर नगरलाई आदर्श समाज निर्माणतर्फ लग्दै गरेको बताउनुभयो ।

उहाँले आदर्श समाज निर्माणको मूल आधार शिक्षा भएकोले नगरपालिकाले सात वटा क्लेजहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

जन्मदेखि मृत्युसम्मको सबै संस्कारमा जनतासँग सहयोग लिने र दिने काम गर्ने योजना रहेको उहाँले बताउनुभयो । उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको सहरको रूपमा विकास गर्ने योजना रहेको पनि बताउनुभयो ।

भक्तपुर नगरपालिका-२ मिबाछेँस्थित विद्यालय परिसरमा आयोजित कार्यक्रममा विद्यालयका संस्थापक-प्रिन्सिपल कमलादेवी अमात्य राजभण्डारीले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका सभाध्यक्ष भक्त राजभण्डारी रहनुभएको थियो । विशेष अतिथिका रूपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामगोपाल कर्माचार्य र एभरेस्ट जन्मदिन कोषका सद्भावनादूत डा. तोयानाथ खनाल हुनुहुन्थ्यो ।

संस्थापक प्रिन्सिपल राजभण्डारीका अनुसार वि.सं. २०६६ सालमा स्थापना गरिएको एभरेस्ट जन्मदिन कोषमार्फत हालसम्म देशका ३२ जिल्लाका ३५ वटा सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना तथा विस्तारको लागि सहयोग पुर्‍याइएको छ ।

कार्यक्रममा प्लेग्रुपदेखि कक्षा ३ सम्म अध्ययनरत ४४१ जना विद्यार्थीले विभिन्न सांस्कृतिक तथा सिर्जनात्मक प्रस्तुति दिएका थिए ।

# सामुदायमा आधारित सहकारी नै सदस्य सुरक्षाको आधार

भक्तपुर, ३० फागुन । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को सदस्यता उपसमितिको आयोजनामा 'सदस्यता अभिमुखीकरण कार्यक्रम' शनिबार सम्पन्न भयो । सूर्यविनायक नगरपालिकाका वडा नं. १, २ र ३ मा रहेका सहकारी संस्थाहरूलाई सङ्घमा आबद्ध गराई अभियानलाई सुदृढ बनाउने उद्देश्यले चमेरो बचत तथा ऋण सहकारी संस्थाको सभाहलमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमको सभापतित्व गर्दै सङ्घका सञ्चालक एवं सदस्यता उपसमितिका संयोजक इन्द्रप्रसाद ब्यान्जुले सहकारी क्षेत्रमा देखापरेका वर्तमान विकृति र विसङ्गतिहरूलाई निराकरण गर्न समुदायमा आधारित सहकारीहरूको प्रवर्द्धन आवश्यक रहेको बताउनुभयो ।

उहाँले समुदायमा आधारित सहकारी नै सदस्यको सुरक्षाको आधार बनेको बताउनुभयो ।

सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले जिल्लाको बचत तथा ऋण सहकारी अभियानमा सङ्घले खेलेको भूमिकाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले सङ्घ आर्थिक रूपमा सुदृढ र आत्मनिर्भर रहेको उल्लेख गर्दै भन्नुभयो, "समुदायले सही सहकारी पहिचान गर्न नसक्दा समस्या परेको हो, अहिलेको सङ्कटले कुन सहकारी सही र कुन गलत भन्ने प्रस्ट पारेको छ ।"

चमेरो बचत तथा ऋण सहकारीका अध्यक्ष भीमसेन श्रेष्ठले सङ्घमा आबद्ध भएपछि संस्था थप सुरक्षित महसुस भएको अनुभव सुनाउनुभयो ।

# ग्यास र सवारी इन्धनको कृत्रिम अभाव सिर्जना गर्नेलाई कारबाही गरिने

काठमाडौँ, ३० फागुन । काठमाडौँ महानगरपालिकाले खाना पकाउने ग्यास र सवारीसाधनमा प्रयोग हुने इन्धनको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालोबजारी गर्नेलाई कारबाही गरिने जनाएको छ ।

ग्यास हुँदाहुँदै छैन भनेर ग्राहकलाई नदिने, अब ग्यास पाइँदैन भनेर धेरै मूल्य लिने, इन्धन डिपोहरूमा तेल मौज्दात हुँदाहुँदै छैन भनेर उपभोक्तालाई फर्काउने गरिएको गुनासो आउन थालेपछि महानगरले निगरानी संयन्त्र सक्रिय बनाएको कामपाका प्रशासन विभागका प्रमुख महेश काफ्लेले जानकारी दिनुभयो ।

काफ्लेले भन्नुभयो, "ग्यास छैन भन्ने गलत सूचना प्रवाह गरेर मूल्य बढी लिने तथा सर्वसाधारणको जनजीवनमा असहज परिस्थिति सिर्जना गर्नेमाथि कारबाही गर्नेछौँ । नेपाल आयल निगमले ग्यासको मूल्य आधा सिलिन्डर रु. ९५५ तोकेको छ । यही मूल्यमा खरिदबिक्री गर्न व्यवसायी र उपभोक्तामा हाम्रो अनुरोध छ ।"

ग्यास अभाव हुने आशङ्कामा उपभोक्ताले बढी भण्डारण गर्ने गरेकाले पनि बजारमा अभाव देखिएको उहाँको भनाइ छ । यसरी ग्यास सञ्चिति गर्न थालियो भने माग र आपूर्तिको चक्रमा असर पुग्छ । यसकारण, उपभोक्ताले पनि जिम्मेवारपूर्वक ग्यास माग गर्नुपर्छ", काफ्लेले भन्नुभयो, "सहज जनजीविकाका लागि उपभोक्ता, उद्योग तथा वाणिज्य क्षेत्र र सरकार सबैको समान दायित्व छ । आ-आफ्ना दायित्व सबैले पूरा गर्नुपर्छ ।"

पेट्रोल पम्पहरूले पनि आफूसँग मौज्दात इन्धन भएर पनि छैन भनी सवारीसाधनलाई उपलब्ध नगराउने सूचना पाइएको जनाउँदै उहाँले यसमा महानगरले निगरानी थालेको बताउनुभयो ।

ग्यास र इन्धन अभाव सिर्जना गर्ने क्रियाकलाप देखेमा तथ्यमा आधारित विवरण महानगरपालिकाका 'हटलाइन नम्बर' ११८० मा टिपाउन सकिने व्यवस्था मिलाइएको छ । यसरी प्राप्त विवरणका आधारमा कामपाले निगरानी गर्नेछ ।

ग्यास बिक्रेता महासङ्घ, नेपालका अध्यक्ष ज्ञानेश्वर अर्यालका अनुसार भारतबाट आउने ग्यास अहिलेसम्म नियमित छ । उहाँले सञ्चितिका लागि माग नगर्न उपभोक्तासँग आग्रह गर्नुभयो ।

# प्राधिकरणको केन्द्रीय 'वर्कसप' ले गर्‍यो नौ सय ट्रान्सफर्मर मर्मत

बाग्मती, ३० फागुन । कर्मचारी अभावका बाबजुद मकवानपुरको हेटौँडास्थित नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय 'वर्कसप' ले चालु आर्थिक वर्षको सात महिनामा नौ सय ट्रान्सफर्मर मर्मत गरेको छ ।

कार्यालय प्रमुख इन्जिनियर राजकुमार श्रेष्ठका अनुसार चालु आव २०८२/८३ को साउनदेखि हालसम्म वर्कसपमा विभिन्न जिल्लाबाट बिग्रिएर आएका ती ट्रान्सफर्मर मर्मत गरी फिर्ता पठाइएको हो ।

गत आव २०८१/८२ मा एक हजार नौ सय ५० थान ट्रान्सफर्मर मर्मत गरेको सो वर्कसपले चालु आवमा एक हजार ५०० को हाराहारीमा ट्रान्सफर्मर मर्मत गर्ने लक्ष्य लिएको प्रमुख श्रेष्ठले बताउनुभयो । "हामीसँग चाहिने जति जनशक्ति छैन, केही समय ट्रान्सफर्मरमा प्रयोग हुने तेल र तामाको मूल्य बढेर आपूर्तिका लागि 'टेन्डर' हुन नसक्दा मर्मतको काम रोकियो", उहाँले भन्नुभयो ।

उक्त वर्कसपले मधेस प्रदेश, गण्डकीका सबै जिल्ला तथा बाग्मती प्रदेशका मकवानपुर, चितवन, सिन्धुली जिल्लामा जडान भएका ट्रान्सफर्मर मर्मत गर्दै आएको छ । कुल ४९ जना जनशक्तिको दरबन्दी रहेको वर्कसपमा हाल २९ जना स्थायी, १५ जना ज्यालादारी र आठ जना करारका कर्मचारी कार्यरत छन् ।

प्रमुख श्रेष्ठले ट्रान्सफर्मर खोल्न र लगाउन हेल्पर र जुनियर हेल्पर आवश्यक हुन्छ, ती कर्मचारी हामीसँग तीन जना मात्रै छन् । त्यसैले काम गर्न समस्या भइरहेको छ ।"

उहाँका अनुसार हाल यहाँ महिनामा एक सय ५० देखि दुई सयसम्म ट्रान्सफर्मर मर्मत भइरहेका छन् । "मुलुकमा खाना पकाउने ग्यासको अभाव भइरहेको छ, यस्तो अवस्थामा विद्युतीय चुलोको प्रयोग बढ्न सक्छ र गर्मी पनि बढ्ने भएकाले अत्यधिक सङ्ख्यामा ट्रान्सफर्मर बिग्रिन सक्ने सम्भावना छ", प्रमुख श्रेष्ठले भन्नुभयो ।

# गोदावरीका अतिक्रमित संरचना हटाउन सुरु

गोदावरी (कैलाली), ३० फागुन । कैलालीको गोदावरी नगरपालिका-२ स्थित दुर्गालक्ष्मी सामुदायिक वन क्षेत्रमा अतिक्रमण गरी निर्माण गरिएका भौतिक संरचना हटाउन सुरु गरिएको छ । अत्तरिया चोकबाट गोदावरी रोडको पूर्वपट्टि बनाइएका अवैध संरचनाहरू शनिबारदेखि डिभिजन वन कार्यालय धनगढीको समन्वयमा सब डिभिजन कार्यालय अत्तरियाको टोलीले डोजर प्रयोग गरेर हटाउन सुरु गरेको हो ।

डिभिजन वन कार्यालय धनगढीका प्रमुख रामविचारी ठाकुरका अनुसार गोदावरी क्षेत्रमा वन अतिक्रमण गरी अवैध रूपमा भौतिक संरचना निर्माण गर्ने क्रम बढ्दो अवस्थामा रहेको सूचना प्राप्त भएपछि हटाउने अभियान सुरु गरिएको हो । गोदावरी नगरपालिकाका विभिन्न क्षेत्रमा वन क्षेत्र अतिक्रमण गरेर घर बनाउने कार्य तीव्र रूपमा भइरहेको सूचना आएकाले त्यस्ता संरचना हटाउने कामको सुरुआत आजदेखि सुरु भएको उहाँले बताउनुभयो । उहाँले अबदेखि कसैले पनि वन क्षेत्र अतिक्रमण गरी घर वा अन्य भौतिक संरचना नबनाउन आग्रहसमेत गर्नुभयो ।

पछिल्लो समय गोदावरी क्षेत्रका विभिन्न सामुदायिक वनमा अतिक्रमण गरी घर, भवन तथा सार्वजनिक संरचना बनाउने क्रम बढ्दै गएको स्थानीय वीरेन्द्र भट्टले बताउनुभयो । वन अतिक्रमण हटाउने कार्यमा दुर्गालक्ष्मी सामुदायिक वनका पदाधिकारी, वनकर्मी तथा नेपाल प्रहरीको पनि सहभागिता रहँदै आएको वन कार्यालयले जनाएको छ ।

# बजारमा ग्यास अभाव, आयात भने नियमित

सिद्धार्थनगर (भैरहवा), ३० फागुन । भैरहवा क्षेत्रका बजारमा एलपी ग्यासको अभाव देखिएको भन्दै उपभोक्ताले चिन्ता व्यक्त गरेका छन् । ग्यास आयातमा कमी नभएको जनाइए पनि बजारमा भने उपभोक्ताले सहज रूपमा ग्यास पाउन नसकेको बताएका छन् ।

स्थानीय उपभोक्ताहरूका अनुसार एउटा ग्यास सिलिण्डरका लागि दिनभरि पसल-पसल धाउनुपर्ने अवस्था सिर्जना भएको छ । ग्यास बिक्रेताले समेत मौज्दात सकिएको भन्दै उपभोक्तालाई फर्काइदिने गरेको उनीहरूको भनाइ छ । ग्यास बिक्रेताको ग्यास सिलिण्डरको लामो लाइन लागेको छ ।

लामो समयसम्म पालो कुर्दा पनि खाना पकाउने एलपी ग्यास पाउन नसकेको स्थानीय प्रदीप ज्ञवालीले बताउनुभयो । नियमित भान्छा चलाउन पनि ग्यास नपाउने अवस्था आउँदा दैनिक जीवन कष्टकर हुँदै गएको उहाँको भनाइ छ ।

ग्यास बिक्रेताले पनि कम्पनीबाट पर्याप्त ग्यास उपलब्ध नगराउँदा अभाव देखिएको बताएका छन् । मागअनुसारको आपूर्ति नहुँदा उपभोक्तालाई उपलब्ध गराउन नसकिएको उनीहरूको भनाइ छ ।

यद्यपि भैरहवा भन्सार कार्यालयका अनुसार भने ग्यास आयात नियमित रूपमा भइरहेको छ । भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार केही दिन निर्वाचनका कारण आयातमा सामान्य समस्या देखिए पनि अहिले अवस्था सामान्य भइसकेको छ । दैनिक रूपमा ग्यास बोकेका बुलेट ट्याङ्कर नाकाबाट नेपाल भित्रिने क्रम जारी रहेको जनाइएको छ ।

स्थानीय ग्यास बिक्रेताका अनुसार पछिल्लो समय उपभोक्ताले सम्भावित अभावको आशङ्कामा आवश्यकभन्दा बढी ग्यास मौज्दात राख्न थालेपछि बजारमा अभाव देखिएको हो । पहिले दैनिक सीमित सङ्ख्यामा बिक्री हुने ग्यास सिलिण्डर अहिले केही घण्टामै सकिने गरेको बताइएको छ ।

सीमावर्ती क्षेत्रमा भने नेपालबाट भारततर्फ ग्यास सिलिण्डर लैजाने प्रयाससमेत बढेको पाइएको छ । भारतीय बजारमा ग्यासको मूल्य बढी हुनुका साथै अभाव देखिएकाले सीमावर्ती क्षेत्रका नेपालबाट ग्यासका सिलिण्डर भारततर्फ तस्करी भइरहेको सीमा क्षेत्रका बासिन्दाले बताउने गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्देले सीमाबाट ग्यासको अवैध ओसारपसार हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर निगरानी कडा पारिएको जानकारी दिनुभयो । उहाँका अनुसार सीमावर्ती क्षेत्रमा जाँचलाई कडाइ गरिएको छ ।

यसैबिच, सीमावर्ती इलाका प्रहरी कार्यालय बेलहियाले भारततर्फ लैजाँदै गरेको र भारतबाट नेपालतर्फ ल्याइँदै गरेको गरी केही ग्यास सिलिण्डर नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले सीमामा निगरानी बढाइएको र अवैध ओसारपसार रोक्न आवश्यक कदम चालिएको बताएको छ । रासस

# दादुरा प्रभावित ढोरपाटनमा चार हजार ६१७ जनालाई खोप लगाइयो

बागलुङ (गलकोट), ३० फागुन । बागलुङको ढोरपाटन नगरपालिकामा फैलिएको दादुरा नियन्त्रणका खोप लगाइएको छ । नगरका नौवटै वडामा एकसाथ शुक्रबार चार हजार ६१७ बालबालिका र किशोरकिशोरीलाई खोप लगाइएको छ ।

आवश्यक खोप र जनशक्ति दादुरा प्रभावित क्षेत्रका विद्यालय र स्वास्थ्य संस्थामा पुगेर शुक्रबार खोप लगाइएको हो । ढोरपाटनको विकट गाउँमा महामारीको रूपमा फैलिएको दादुरा प्रकोप नियन्त्रणका लागि ढोरपाटन नगरपालिका भरका छ हजार ७८३ बालबालिका र किशोरकिशोरीलाई खोप लगाउने लक्ष्यअनुसार पहिलो दिन नै चार हजार ६१७ जनालाई खोप लगाइएको छ । छुटेका बालबालिका र किशोरकिशोरीलाई पुन: विद्यालय र विद्यालय नजानेलाई घरमा र स्वास्थ्य संस्थामा पुगेर खोप लगाइने छ ।

बागलुङको ढोरपाटन नगरपालिका वडा नम्बर ७, ८ र ९ को बोबाङ, सेराबाङ र लाकुरीबोट गाउँमा दादुरा रोगका शङ्कास्पद ७४ जना बिरामी फेला परेका थिए । जसमध्ये ३२ जना भर्ना भएर उपचार भइसकेको छ । सात जना बालबालिका अझै उपचाररत रहेका छन् ।

दादुरा नियन्त्रणका लागि ढोरपाटन नगरपालिका-८ बोबाङ स्वास्थ्यचौकीमा आइसोलेसन तयार गरेर उपचारसमेत भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिनुभयो । तत्काललाई दादुरा नियन्त्रण गरी थप फैलन नदिनका लागि नगरपालिकाका सबै वडाका १० देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीलाई दादुराको खोप प्रदान गरिएको हो । यस्तै उपचारमा संलग्न रहेका २३७ स्वास्थ्यकर्मीलाई समेत दादुराविरुद्धको खोप लगाइने छ ।

खोप अभियान चैत १ गतेसम्म सञ्चालन गरिने छ । जसका लागि अपुग स्वास्थ्यकर्मी छिमेकी गाउँपालिका बडिगाड र निसीखोलाबाट समेत झिकाइएको छ । अभियानमा महिला स्वास्थ्य स्वयंसेविकाले समेत सघाएका थिए । फागुन ८ गते ढोरपाटनमा एक जनालाई दादुरा सङ्क्रमण भएको पुष्टि भएको थियो । त्यसयता थप पाँच जनामा सङ्क्रमण पुष्टि भए पनि अन्यलाई लक्षण देखिएकाले नियन्त्रणका लागि खोप लगाइएको हो ।

दादुरा सङ्क्रमण नियन्त्रणका लागि खोप नै सबैभन्दा उत्तम उपाय भन्दै ढोरपाटनका १० देखि १९ वर्ष उमेर समूहका सबैलाई खोप लगाइने छ । रासस

# वन कार्यालयले एक लाख जनालाई दियो रोजगारी

पाल्हीनन्दन, ३० फागुन । बर्दघाट सुस्ता पश्चिम नवलपरासीमा एक लाख कामदारलाई डिभिजन वन कार्यालयले अस्थायी रोजगारी दिएको छ ।

चालु आर्थिक वर्षमा रुख कटान, ढुवानी, घाटगद्दी, तारजाली निर्माण, वन रक्षा, अनि नियन्त्रण र झारपात उखेल्नेसहित सरसफाइलगायत काम गर्न एक लाख जनालाई डिभिजन वन कार्यालयले रोजगारी दिएको कार्यालयका प्रमुख राजु क्षेत्रीले राससलाई बताउनुभयो ।

कामको प्रकृतिअनुसार एक जना कामदारलाई रु. ६५० देखि एक हजारसम्म ज्याला दिइएको जानकारी दिँदै उहाँले जिल्लाका ६१ समुदायिक वनमध्ये ३१ वटामा काम दिइएको बताउनुभयो । रासस



**मनाङको पिसाङ गाउँ**
मनाङ ङिस्याङ गाउँपालिका-१ स्थित पिसाङ गाउँ र पृष्ठभूमिमा देखिएको स्वर्गद्वारी पहाड । *तस्बिर: नवीन लामिछाने/रासस*

# इथानोल मिश्रित पेट्रोल : ऊर्जा आयात घटाउने र रोजगारी बढाउने नीति लागू

काठमाडौँ, ३० फागुन । सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ । मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' शुक्रबार राजपत्रमा प्रकाशित भएको छ ।

यो आदेशमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जा क्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ । आदेशअनुसार नेपाल आयल निगमले उपलब्धताअनुसार प्रतिलिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ । आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ ।

इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमल तरुल (कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन् । खाद्यान्नको दुरुपयोग रोक्नका लागि खाद्यान्नका रूपमा प्रयोग हुने अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ ।

उद्योगहरूले प्रचलित कानुन अनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसले बजारलाई नियन्त्रित गर्दै इथानोलको प्रयोग पेट्रोलमा मिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ ।

उद्योगहरूले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ । निगमले पनि प्रत्येक ट्याङ्करको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ ।

इथानोलको मूल्य निर्धारण सरकारद्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष सुरु हुनुअघि हुनेछ । मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ । निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ ।

नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछ र उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ । उद्योगले सम्झौतामा उल्लङ्घन गरेमा प्रचलित कानुनअनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ ।

इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ । अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्च सुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ । मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ ।

सरकारले इथानोल मूल्य निर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ । समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन् ।

आदेशअनुसार समितिले कच्चापदार्थ लागत, कर छुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा कर छुट, कृषक र कृषि सहकारीलाई मल/बिउ/विद्युत् महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ ।

यो नीति कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढाउने, नयाँ उद्योग स्थापना गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनको प्रभावकारिता भने उद्योगको क्षमता, कच्चापदार्थको उपलब्धता तथा सरकारको नियमनमा निर्भर हुनेछ । रासस

# हाफ म्याराथनमा सन्तोषी श्रेष्ठ पहिलो

ललितपुर, ३० फागुन । महिला सशक्तीकरण तथा स्तन क्यान्सरसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यसहितको काठमाडौँ पिंक केयराथन आज जावलाखेलस्थित फुटबल मैदानमा सम्पन्न भएको छ ।

लेजरपोर्ट नेपालद्वारा आयोजित सो दौड प्रतियोगिताको २१.१ किलोमिटर हाफ म्याराथनतर्फ सन्तोषी श्रेष्ठ (नेपाल रन, धादिङ) पहिलो हुनुभएको छ । यस्तै, राज्यलक्ष्मी रावल (नेपाल आर्मी) दोस्रो र सरस्वती भट्टराई (नेपाल आर्मी) तेस्रो हुनुभएको छ ।

आज बिहान छ बजे जुम्बा सत्रबाट सुरु भई त्यसपछि विभिन्न दूरीका दौड प्रतियोगिता सञ्चालन गरिएको थियो ।

कार्यक्रममा २१.१ किलोमिटर हाफ म्याराथन, १० किलोमिटर दौड तथा ५ र ३ किलोमिटरका फन रन समावेश गरिएको थियो । दश किलोमिटर दौडतर्फ निर्मला केसी (नेपाल आर्मी) पहिलो, आशा राउत (सशस्त्र प्रहरी) दोस्रो र सुमित्रा चौधरी (नेपाल प्रहरी) तेस्रो हुनुभयो ।

हाफ म्याराथनका विजेतालाई क्रमश रु. ५१ हजार, रु. ३१ हजार र रु. २१ हजार नगद पुरस्कार प्रदान गरिएको संस्थाका अध्यक्ष नमराज जोशीले बताउनुभयो ।

त्यसैगरी १० किलोमिटर दौडका विजेतालाई रु. ३१ हजार, रु. २१ हजार र रु. ११ हजार नगद पुरस्कारसहित विभिन्न उपहार प्रदान गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा भारतको मुम्बईका गायक जनिस्ट जोशीले साङ्गीतिक प्रस्तुति दिनुभएको थियो ।

अध्यक्ष जोशीका अनुसार सन् २०१७ देखि निरन्तर आयोजना हुँदै आएको उक्त कार्यक्रममा यस वर्ष एक हजारभन्दा बढीको सहभागिता रहेको छ । रासस

# धुलिखेल-खावा सडक : कालेपत्र गर्न आगामी चैत ७ गतेदेखि २० गतेसम्म रातका समयमा यातायात बन्द गरिने

काभ्रेपलाञ्चोक, ३० फागुन । अरनिको राजमार्गअन्तर्गत काभ्रेस्थित धुलिखेल-खावा सडक खण्डको स्तरोन्नतिलाई तीव्रता दिइएका अवस्थामा कालेपत्र (पक्की) बनाउन आगामी चैतमा दुई हप्ता बन्द गरिएको छ ।

निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको विस्तारका लागि नयाँ निर्माण कम्पनीसँग गत कार्तिकमा सम्झौता गरिएपछि पुन:स्तरोन्नतिलाई तीव्रता दिइएपछि पक्की बनाउन आगामी चैत ७ गतेदेखि २० गतेसम्म रातिको समयमा यातायातका साधान बन्द गरिएको हो । सडक डिभिजन कार्यालय भक्तपुरले सार्वजनिक सूचना जारी गर्दै कालेपत्रे कामका लागि उक्त समयावधिमा रातका समयमा यातायातका साधान सञ्चालनमा रोक लगाइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताउनुभयो ।

उहाँका अनुसार उक्त सडकखण्ड कालोपत्रका लागि आगामी चैत ७ देखि २० गतेसम्म बन्द गर्न लागिएका उक्त अवधिमा साँझ ६ बजेदेखि बिहान ५ बजसम्म ठुला चारपाङ्ग्रे सवारी साधन चल्न रोक लगाइने भएको छ । यस्तै उक्त समयमा यात्रुवाहक बस पनि चल्न रोक लगाइएको र वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ । यसैगरि टिपर र ट्रकलगायत (पास लिएकासमेत) मालबहाक सवारीका साधनलाई चौबिसै घण्टा चलाउन रोक लगाइएको हो ।

उक्त सडकखण्डमा निर्माणमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यलयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुन:बोलपत्र आह्वान गरेको थियो । चार किलोमिटर दूरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमै सक्नेमा आशावादी भएको योगेशले बताउनुभयो । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेको थियो ।

सम्झौताका समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गतसाल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको निर्माण कम्पनीसँग ठेक्का रद्द गरेको हो । सडक विस्तारको काम कम्पनीले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रु. २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो ।

अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायतका जिल्लातर्फ जाने मुख्य सडकको रूपमा समेत रहेको उक्त राजमार्ग समयमै नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबिच यात्रा गर्न बाध्य भएका छन् ।

उक्त सडकमा गुड्ने मालबाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले योजना बनाएको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुन:निर्माणका लागि भत्काइएका सडकमा दुर्घटना हुँदा यात्री घाइते भइसकेका छन् । रासस

। सम्पादकीय ।

# शासकहरू दूरदर्शी नभएका कारण नेपालमा विदेशी चलखेल

सिद्धान्त र विचारले नभिजेका नागरिकले एकचोटि हेरौँला भनी अर्को दललाई मत राख्नु स्वाभाविक हो । कहिले जित्नेलाई भोट, कहिले नयाँ दलले केही गर्ला कि भन्ने आशा र विश्वासले राख्ने मतमा सिद्धान्त र विचार भिजेको हुँदैन । जनतामा राजनीतिक सुझबुझ नभएकै कारण हालसम्म गतिलो सरकार नबनेको हो । हरेक नागरिकले कुनै पनि दललाई वर्गीय हिसाबले हेर्नुपर्छ । वर्गीय दृष्टिकोणले हेर्ने विचार जनतामा नभएसम्म जनताले कुन वर्गीय शत्रु र मित्र थाहा पाउँदैनन् । फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा पनि जनताले वर्गीय दृष्टिकोणको ख्याल गरी मत राखेनन् । जनताले आफ्नो अमूल्य मत नयाँ या पुरानो अनुहारको आधारमा राख्ने होइन । दल र दलका उम्मेदवार नयाँ पुरानो जे भए पनि त्यो दलको सिद्धान्त र विचारको आधारमा मत दिने हो ।

वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था पुँजीवादी व्यवस्था हो । यो पुँजीवादी व्यवस्थाले श्रमजीवी जनताको पक्षमा ऐन कानुन बनाउँदैन या काम गर्दैन । पुँजीवादी व्यवस्थाभित्र रहेर बनेको सरकारले सुधारात्मक कार्यक्रम गर्ला तर आमूल परिवर्तन गर्दैन । रास्वपा पनि पुँजीवादी पार्टी नै हो । पुँजीवादी पार्टीको सरकारको जनताले धेरै पटक अनुभव गरिसके । नेका, एमाले, माओवादीको नेतृत्वमा बनेको सरकारले श्रमजीवीवर्गको पक्ष या सेवामा ऐन कानुन बनाउनुभन्दा उनीहरूको विरोधमा बनायो । विदेशी लगानी बढाएर विदेशीलाई पोस्ने, देशको राज्यकोषमा पार्टीले आँखा गाड्ने दल कसरी देशभक्त र सद्दे हुन्छ ?

देशको सीमा व्यवस्थापन अव्यवस्थित छ । नेपाल-भारतको सीमा व्यवस्थापन गर्ने, सीमा छुट्याएर आफ्नो भूमि सुरक्षित गर्ने, नेपाली भूमि डुबानमा पार्ने गरी बनाइएको बाँध तथा तटबन्ध भत्काउने काममा सरकारको ध्यान पुग्नुपर्छ । भ्रष्टाचारीहरूको फाइल खोलेर दोषीमाथि कारबाही गर्ने उद्घोष गर्ने रास्वपाले सरकार गठनलगत्तै कुनकुन भ्रष्टाचारीको फाइल खोलेर कारबाही गर्ने हो ? हेर्न बाँकी छ । भ्रष्टाचारीको फाइल खोल्ने कुरा रास्वपाले जनताको मत लिन मात्र शङ्खघोष गरेको हो कि भ्रष्टाचारीहरूलाई कारबाही गरेर हतोत्साही गर्ने हो ? त्यो पनि हेर्न बाँकी छ । भ्रष्टाचारको अभियोग लागेका केही व्यक्तिहरूको फाइल खोलेर थन्क्याउने हो या भ्रष्टाचारीहरूको फाइल खोलेर कार्यालय कार्यालयमा हुने भ्रष्टाचार र अनियमिततालाई ढाकछोप गर्ने हो ?

विकास योजनामा भ्रष्टाचार र अनियमितता भइरहेको पनि यथार्थ हो । विकासको निम्ति छुट्याइएको बजेटको आधा रकम पनि खर्च हुँदैन । कहिले ठेकेदारले हाकिमहरूको साँठगाँठमा त कहिले उपभोक्ता अध्यक्षसँग मिलेर विकासको रकममा रजाइँ गरिरहेको हुन्छ । कति कार्यालयमा घूसबिना काम हुँदैन । ढिलासुस्तीको कुरा बयान गरेर साध्य छैन । कर्मचारीहरू छुद्र व्यवहार गर्छन् । जनताको करबाट पालेका देशका जनसेवकहरू नै देश र जनताप्रति समर्पित हुँदैनन् । विदेशी शक्ति राष्ट्रले नेपालका उद्योग तथा कारखानामा आँखा गाडे पनि शासक, कर्मचारी, जनप्रतिनिधिहरू मौन बस्छन् या नदेखेझैँ गरी बस्छन् । अत: कुनै पनि दलका शासकहरू देश जोगाउने र बनाउनेतर्फ लाग्नुपर्छ । देशघात गर्ने, देशको अस्तित्वमा दाग लाग्ने काम गर्ने र काम गरेर पनि आँखा चिम्लेर बस्ने शासकहरू कसरी देशभक्त हुन्छन् ?

देशका शासकहरू कमजोर र दूरदर्शी नभएका कारण नेपालमा विदेशी चलखेल बढेको प्रचार झूट होइन । नेपाली सेनासँग अमेरिकी सेनाले सहकार्य गर्ने कुरामा पनि विदेशी चलखेलको गन्ध पाइन्छ । नेपाली सेनासँग अमेरिकी सेनाले केका निम्ति सहकार्य गर्ने ? के चीन र भारतसँग लड्न ? के नेपाली सेनासँग सहकार्य गर्नु भनेको अमेरिकी सेना नेपालमा पस्ने बाटो खुला गर्न होइन ? अनेक बहानामा अमेरिकी सेना नेपालमा पस्ने पूर्वाभ्यास भइरहेको छ । यसरी एक एक पाइला गरेर अमेरिकी सेना नेपालमा पसिरहेको छ । के विदेशी हस्तक्षेप र विदेशी चलखेलप्रति अब बन्ने सरकार सचेत होला ?

कुनै पनि देशभक्त सरकार, देशभक्त दल र देशभक्त जनता विदेशी हस्तक्षेप स्वीकार्दैनन् । अब बन्ने सरकारले पनि स्वीकार्नु हुँदैन । कुनै दलले बहुमत या दुईतिहाइको नाउँमा देशघाती, जनविरोधी काम गर्छ; देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच पुग्ने काम गर्छ भने जनता चुप लागेर बस्ने छैनन् । विगतमा पनि शासकहरूले ठुला र बलियो सरकारको नाउँमा जनतामा अत्याचार थोप्ने काम गरे; बहुमत जनताको अहितमा काम गरे । त्यही कारण ती ठुला या शासकहरू नराम्रोसँग पराजित भए । यो कुरा नेका, एमाले र पहिलेको माओवादीलाई मात्र होइन अब बन्ने रास्वपाको सरकारलाई पनि लागू हुन्छ ।

अहिले ग्यासको अभाव छ । भ्रष्टाचार र ढिलासुस्ती अन्त्य गर्ने काममा सरकारले कुनै पाइला चालेन । अहिले अन्तरिम सरकारलाई बिदा दिन नयाँ सरकार गठनको अभ्यास हुँदै छ । मन्त्रिमण्डल बनाउने अभ्यास भइरहेको छ । ढिलो चाँडो मन्त्रिपरिषद् बन्ला । सरकारले केही निर्णय पनि गर्ला या सरकारले अल्पकालीन योजना पनि ल्याउला । सरकारले के निर्णय गर्ला र निर्वाचनताका बाँडेको वाचापत्र कति लागू होला ? भन्नेबारे जनतामाझ चर्चा परिचर्चा हुनु स्वाभाविक हो । के अब बन्ने सरकारले बहुमत जनताको पक्षमा काम गर्ला ? यो कुरा समयले बताउनेछ ।

# संशोधनवाद के हो ?

✍ नारायणमान बिजुक्छें (रोहित)

**समाजवादी देशमा पनि संशोधनवादी विचार देखिन थालेको र देखिने भएकोले 'घोषणापत्र' अगाडि भन्छ, "सत्ताबाट वञ्चित पुँजीपतिवर्ग फेरि सत्तामा आउने कोसिस गर्छ । पुँजीपतिवर्ग, अर्ध–पुँजीवादी, मध्यमवर्ग र तिनीहरूका बुद्धिजीवीहरूको प्रभाव अहिले पनि समाजमा धेरै छ । पुँजीवादी प्रभावको अस्तित्व संशोधनवादको भित्री–स्रोत हो र साम्राज्यवादको दबाबमा घुँडा टेक्नु त्यसको बाहिरी स्रोत हो ।"**

मजदुरवर्गको आन्दोलनमा मार्क्सवाद अरू विचारधाराभन्दा अगाडि बढ्दै गयो । मार्क्सको मृत्युपछि मजदुर आन्दोलनको निर्देशन एङ्गेल्सले गर्नुभयो ।

एङ्गेल्सले मजदुर आन्दोलनभित्र देखापरेका अनेक मार्क्सवादविरोधी विचारहरूसँग सङ्घर्ष गर्नुभयो, त्यसकारण पनि एङ्गेल्सको शिक्षालाई मार्क्सवाद भनिन्छ ।

एकचोटि बर्नस्टिन एक कट्टर मार्क्सवादी थियो । तर, एङ्गेल्सको मृत्युपछि उसले मार्क्सवादलाई हेरफेर गर्ने कुरोलाई चर्कायो । सशस्त्र क्रान्तिबाट सर्वहारावर्गले राज्यसत्ता कब्जा गर्नु र सर्वहारावर्गको हुकुम चलाएर पुँजीवादीवर्गलाई दबाएर समाजवादको निर्माण गर्नु नै मार्क्सवादको सार हो । बर्नस्टिनले यसैलाई हेरफेर गर्ने विचार अगाडि सार्‍यो । बर्नस्टिनले भन्यो कि पुँजीवाद शान्तिपूर्ण तरिकाले नै 'समाजवादमा विकास' हुन्छ । पुँजीवादी राज्य व्यवस्थालाई 'ध्वस्त पार्नुपर्दैन बरु बढी विकास गर्नुपर्दछ ।' 'चुनाव, जुलुस र यस्तै प्रकारको दबाब' ले पनि सुधार गर्न सकिन्छ । पहिले रगत बगाउनुपर्ने कुरामा पनि अब शान्तिपूर्वक नै हुनसक्छ । 'बल प्रयोग', 'सत्ता हातमा लिने' र 'हुकुम' को कुरा गर्नु आवश्यक छैन । बर्नस्टिनले यहाँसम्म भन्यो कि 'आन्दोलन नै सबै कुरा हो । अन्तिम लक्ष्य केही पनि होइन ।'

बर्नस्टिनजस्तै काउत्स्कीले पनि पहिले मार्क्सवादलाई हेरफेर गर्ने कुरा अगाडि ल्यायो । उसले पनि 'वर्गसङ्घर्ष' गर्न सशस्त्र सङ्घर्ष गर्नुपर्दैन र हिंसात्मक उपायले 'पुँजीवादी राज्यसत्ता पल्टाउने कुरा राम्रो होइन' भनेर भन्यो । उसले 'संसद्मा बहुमत प्राप्त गरेरै' राज्यसत्तामा विजय पाउने कुरा गर्‍यो ।

तिनीहरूका यी सबै कुरा सरासरै मार्क्सवादविरोधी जालझेल थिए । लेनिनले यस्ता बेइमानी र विश्वासघाती विचारहरूलाई काट्नुभयो र तिनीहरूलाई उदाङ्ग्याइदिनुभयो । तिनीहरूको उद्देश्यबारे 'मार्क्सवाद र संशोधनवाद' भन्ने आफ्नो लेखमा लेनिनले प्रस्ट्याइदिनुभयो, "राजनैतिक क्षेत्रमा संशोधनवादीहरूले मार्क्सवादको मुख्य जग अथवा वर्गसङ्घर्षको सिद्धान्तलाई हेरफेर गर्ने साँचो प्रयत्न गरेका थिए ।"

लेनिनले अगाडि भन्नुभयो, "हरेक नयाँ परिस्थितिअनुसार आफ्नो-व्यवहार बनाउनु, आफूलाई आफैले त्यसबेलाका घटनाहरू र राजनैतिक हावापानीअनुसार फेरिदिनु सारा पुँजीवादी व्यवस्था र सारा पुँजीवादी विकासलाई बिर्सिदिनु, सर्वहारावर्गको मुख्य-मुख्य हितहरूलाई वास्तविक र झूटो अस्थायी फाइदाको निम्ति मुख्य-मुख्य फाइदाहरूलाई बलिको बोका बनाइदिनु नै संशोधनवादको नीति हो ।'


(पाठक साथीहरू, हामी यहाँ 'संशोधनवाद' शब्दलाई हिन्दी भाषाबाट जस्ताको तस्तै लिँदै छौँ । 'संशोधन' को नेपाली अर्थ 'हेरफेर' 'काँटछाँट' र 'परिवर्तन' आदि हुन्छ । मार्क्सवादलाई काँटछाँट र हेरफेर गर्ने सिद्धान्तलाई नै यहाँ संशोधनवाद शब्द प्रयोग गरिएको हो । मार्क्सवादमा हेरफेर र काटकुट गर्ने विचार मान्नेहरूलाई नै 'संशोधनवादी' शब्द प्रयोग गरिएको छ । त्यस्तै अवसरवाद शब्द पनि हिन्दी भाषाबाटै लिइएको हो । 'अवसर' को नेपाली अर्थ 'मौका' हो । बेला र मौका हेरी अस्थायी फाइदाको निम्ति मुख्य हितलाई त्यागिदिने र कुनै एक बलियो सिद्धान्तमा नअड्ने विचारलाई नै 'अवसरवाद' शब्द प्रयोग गरिएको हो ।)

सर्वहारावर्गभित्र पनि संशोधनवादी विचारधाराहरू किन उम्रन्छन् ? यसको उत्तर लेनिनको उक्त लेखमा पाउँछौँ - हरेक पुँजीवादी देशमा सर्वहारावर्गसँगै सधैँ स-साना पुँजीपतिहरू, स-साना मालिकहरूको पनि धेरै ठुलो सङ्ख्या हुन्छ । पुँजीवादको उदय स-साना आकारको उत्पादनबाट भएको हो र यही सानो आकारको उत्पादनबाट लगातार पुँजीवादको विकास भएको हो । पुँजीवादले निश्चितरूपबाटै समाजमा धेरै नयाँ - नयाँ 'मध्यमवर्ग' लाई जन्माउँछ । यी नयाँ -नयाँ स-साना उत्पादनहरू पनि त्यस्तै सर्वहारावर्गको माझमा आएर मिसिन्छन् । यो एकदमै स्वाभाविक छ कि मजदुरहरूको जनव्यापी पार्टीहरूको बिचमा बरोबर विश्वको बारेमा स-साना पुँजीपतिवर्गको दृष्टिकोण माथि उत्रिएर आउँछ ।

पुँजीवादी र साम्राज्यवादी देशहरूमा संशोधनवादको उदयको मुख्य कारणलाई उदाङ्ग्याउनु हुँदै 'दोस्रो अन्तर्राष्ट्रियको ध्वंस' भन्ने रचनामा लेनिनले भन्नुभयो, 'विशेषाधिकार प्राप्त श्रमिकहरूको एक तहले-तुलनात्मकरूपले धेरै शान्तिपूर्ण र सुसंस्कृत जीवन बिताउँथे । त्यसले तिनीहरूलाई 'पुँजीवादी' बनाइदियो । तिनीहरूलाई आफ्नै राष्ट्रिय पुँजीको नाफाबाट एक टुक्रा दिलाइयो र तिनीहरूलाई बर्बाद भएको र गरिबीले जनताको दु:ख-कष्ट र क्रान्तिकारी भावनाबाट अलग गराइदियो ।

संशोधनवाद कसरी चर्केर आउँछ ? जब-जब सर्वहारा आन्दोलन बढ्दै जान्छ र शक्तिशाली हुँदै जान्छ, पुँजीवादी शक्ति झन्झन् नयाँ - नयाँ दाउपेच लगाउँछन् र मजदुर आन्दोलनलाई फुट पारेर निर्बलियो बनाउन खोज्छन् । लेनिनले यस कुरालाई "युरोपको श्रमिक आन्दोलनमा मतभेद' भन्ने रचनामा प्रस्ट शब्दमा भन्नुभएको छ, "पुँजीवादी काम कारबाहीका यी दाउपेचहरू श्रमिक आन्दोलनभित्र संशोधनवादलाई बढावा दिन्छन् र श्रमिक आन्दोलनभित्र मतभेदलाई कहिलेकाहीँ आन्दोलनमा सीधै फाटो पार्नेसम्म चर्काइदिन्छन् ।"

यी कुरा लेनिनले ५० वर्षअगाडि भन्नुभएको थियो । तर, आज पनि त्यत्तिकै सत्य छ र झन् महत्त्वपूर्ण भएको छ । झन्झन् सङ्कटमा पर्दै गएको पुँजीवाद आफ्नो आयु बढाउन अनेक जालझेल रच्छ । समाजवादी देशमा यसलाई झन् चर्काउन खोज्छन् र वर्गसङ्घर्ष झन् चर्को र जेलिएको हुन्छ । पुँजीवादी समाजमा राष्ट्रिय पुँजीको नाफाको एक टुक्रा भाग र सहुलियत पाएका श्रमिक नेताहरू 'पुँजीवादी' भएजस्तै समाजवादी समाजका 'विशेष सहुलियत पाएका' नेताहरू 'संशोधनवादी' हुन पुग्छन् । छोटोमा, संशोधनवाद भनेको मजदुर आन्दोलनभित्र देखापर्ने पुँजीवादी विचारधारा हो । यस कुरालाई संसारका सबै मार्क्सवादी-लेनिनवादीहरू मान्दछन् । सन् १९५७ मा मस्कोमा समाजवादी देशहरूका कम्युनिस्ट र मजदुर पार्टीहरूको एक बैठक भएको थियो । त्यस बैठकको घोषणापत्रमा भनिएको थियो, "अहिलेको समयमा सबभन्दा ठुलो खतरा संशोधनवाद अथवा अर्को भाषामा, दक्षिणपन्थी अवसरवाद हो, जो पुँजीवादी विचारधाराबाट जन्मेर मजदुरवर्गको क्रान्तिकारी शक्तिलाई बुच्चो बनाउँछ र पुँजीवादलाई सुरक्षित राख्न या फेरि स्थापना गर्न माग गर्छ ।"




समाजवादी देशमा पनि संशोधनवादी विचार देखिन थालेको र देखिने भएकोले 'घोषणापत्र' अगाडि भन्छ- "सत्ताबाट वञ्चित पुँजीपतिवर्ग फेरि सत्तामा आउने कोसिस गर्छ । पुँजीपति वर्ग, अर्ध-पुँजीवादी, मध्यमवर्ग र तिनीहरूका बुद्धिजीवीहरूको प्रभाव अहिले पनि समाजमा धेरै छ । पुँजीवादी प्रभावको अस्तित्व संशोधनवादको भित्री-स्रोत हो र साम्राज्यवादको दबाबमा घुँडा टेक्नु त्यसको बाहिरी स्रोत हो ।"

सन् १९५७ को मस्को घोषणापत्रलाई वास्तै नगरी युगोस्लाभियाली कम्युनिस्ट लिगको नेतृत्व गुट आफ्नै संशोधनवादी बाटोमा लागिरह्यो । सन् १९६० मा मस्कोमा फेरि ८१ वटा कम्युनिस्ट र मजदुर पार्टीहरूको बैठक भयो । त्यस बैठकले युगोस्लाभियाली संशोधनवादी 'सिद्धान्त' लाई निन्दा गर्‍यो । त्यस बैठकको वक्तव्यमा भनिएको थियो- "कम्युनिस्ट पार्टीहरूले एकै स्वरले अन्तर्राष्ट्रिय अवसरवादको युगोस्लाभियाली रूपलाई निन्दा गरेका छन्, जो नयाँ संशोधनवादी 'सिद्धान्त' हरूको खारिएको मार्का हो ।"

अन्तर्राष्ट्रिय कम्युनिस्ट र मजदुर पार्टीहरूको निर्णयको विरोधमा खुश्चेभ र रुसी नेतृत्व गुटले तुरुन्तै त्यस युगोस्लाभियाली धोकेबाज गुटसँग मेलमिलाप गरेर संशोधनवादको नाङ्गो रूप देखाइदिए । लेनिनले आफ्नो रचना 'मार्क्सवाद र संशोधनवाद' मा सही भन्नुभएको छ, "संशोधनवाद एक अन्तर्राष्ट्रिय घटना हो ।"

माथिका यी सबै कुराले प्रस्ट गर्छ कि रूसी नेताहरू नयाँ संशोधनवाद हुन् । बर्नस्टिन र काउत्स्की पुराना संशोधनवादी धोकेबाजहरू हुन् । तिनीहरू युगोस्लाभियाली धोकेबाज गुटसँग मिलेर रूस र अरू ठाउँमा पनि नयाँ संशोधनवाद लागु गर्न चाहन्थे । समाजवादी देशहरूमा फेरि पुँजीवादी व्यवस्था ल्याउन चाहन्थे । ती संशोधनवादीहरू समाजवादी देशमा पुँजीवाद फेरि स्थापना हुनसक्दैन र पुँजीवादको ऐतिहासिक अवधि नाघिसकेको छ भनेर आफ्नो कालो कर्तुतमा पर्दा हाल्न खोज्थे ।

***स्रोत: रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन***

# आयतोल्लाह खामेनी : पश्चिमी प्रभुत्वविरुद्ध प्रतिरोधका प्रतीक

● असरफ जैनबी

फेब्रुअरी २८, २०२६ का दिन भएको एकै प्रहारले पूर्वी एसियाको भावनात्मक र भू-राजनीतिक परिदृश्यलाई बदलिदियो । तीन दशकभन्दा बढी समयदेखि इरानका सर्वोच्च नेता रहेका अली खामेनीको संयुक्त राज्य अमेरिका र इजरायलद्वारा गरिएको एक सैन्य कारबाहीमा हत्या गरियो । उनको मृत्युसँगै एउटा युगको अन्त्य भएको छ, तर योभन्दा कैयौँ गुणा अनिश्चित अध्यायको सुरुवात भएको छ ।

उनका समर्थकहरूका लागि उनी एक राजनीतिक व्यक्तित्व मात्र थिएनन् । उनी एक आध्यात्मिक मार्गदर्शक, प्रतिरोधका प्रतीक र सन् १९८९ पछिको क्रान्तिकारी निरन्तरताका संरक्षक थिए । उनले इरानको परराष्ट्र नीतिलाई आकार दिए, सैन्य सिद्धान्तको निरीक्षण गरे, क्षेत्रीय गठबन्धनहरूको मार्गदर्शन गरे र इस्लामिक गणतन्त्रको वैचारिक मेरुदण्डलाई मूर्त रूप दिए । उनको मृत्यु कुनै स्थानीय घटना मात्र होइन; यो एउटा भू-राजनीतिक भूकम्प हो ।

रणनीतिको भाषामा भन्नुपर्दा, यो एक 'शिरच्छेदन प्रहार' (Decapitation strike) थियो । जुन कुनै पनि राज्यको सङ्कल्पलाई कमजोर पार्ने वा त्यसको दिशा परिवर्तन गर्ने आशामा केन्द्रीय अधिकार प्राप्त व्यक्तित्वलाई हटाउन गरिन्छ । यद्यपि, इतिहासले यस्ता सहज निष्कर्षहरूविरुद्ध सचेत गराउँछ । कुनै नेतालाई हटाउँदैमा उनलाई जन्माउने प्रणाली स्वत: विघटन हुँदैन । इरानको राजनीतिक संरचना, त्यहाँको पादरी वर्गको संस्थापन, सुरक्षा निकाय र क्षेत्रीय सञ्जालहरू दबाब सहन सक्ने गरी निर्माण गरिएका छन् । तेहरानको सत्ता सधैँ व्यक्तिगत जति नै संस्थागत पनि रहँदै आएको छ ।

यसको तत्काल परिणाम पतन नभई सुदृढीकरण हुनसक्छ । बाह्य आक्रमणको समयमा राष्ट्रहरू प्राय: आन्तरिक रूपमा एकजुट हुन्छन् । मतभेदहरू कम हुन्छन् र राष्ट्रवाद गहिरिन्छ । यहाँसम्म कि सत्ताका आलोचकहरू पनि सार्वभौमसत्ताको उल्लङ्घन हुँदा पछि हट्न सक्छन् । जुन कुरा रणनीतिक अवरोधका रूपमा लक्षित थियो, त्यो एकताको संवाहक बन्न सक्छ ।

कुरानले त्यसमा विश्वास गर्नेहरूलाई स्मरण गराउँछ, "र अल्लाहको मार्गमा मारिनेहरूलाई 'मृत' नभन । बरु, तिनीहरू जीवित छन् तर तिमीहरूले त्यो महसुस गर्न सक्दैनौ ।"

खामेनीलाई विदेशी दबावविरुद्ध मर्यादाको रक्षकका रूपमा हेर्ने लाखौँ मानिसहरूका लागि यो आयत (पद) ले शक्तिशाली प्रभाव पार्नेछ । शिया राजनीतिक धर्मशास्त्रमा, 'हादत' (सहादत) हार होइन; यो त उच्चता हो । कर्बलाको युद्धदेखि नै, अत्यधिक शक्तिको सामुन्ने दिइने बलिदानले त्यहाँको पहिचानलाई आकार दिएको छ । यदि उनका अनुयायीहरूले उनको मृत्युलाई त्यसै भाष्यमा राखेर हेरे भने, यसको राजनीतिक परिणाम सैन्य गणनाभन्दा धेरै टाढासम्म पुग्नेछ । हत्याको एउटा विरोधाभास नै यही हो । यसले आवाजलाई त मौन बनाउन सक्छ, तर यसले एउटा कथालाई अझ प्रस्फुटित बनाउन सक्छ । भू-राजनीतिक रूपमा, अहिले धेरै तहहरू एकैसाथ खुल्दै गइरहेका छन् ।

पहिलो पक्ष हो, उत्तराधिकार । इरानको संवैधानिक संयन्त्रले उसको 'विशेषज्ञहरूको सभा' मार्फत नयाँ सर्वोच्च नेता चयन गर्न अनुमति दिन्छ । स्थिरता प्रदर्शन गर्न यो सङ्क्रमणकालीन प्रक्रिया निकै छिटो हुनसक्छ । यद्यपि, उत्तराधिकारीको छनोटले नै तेहरानले निरन्तरता, समायोजन वा कडापनमध्ये कुन बाटो रोज्छ भन्ने सङ्केत गर्नेछ ।

दोस्रो, क्षेत्रीय तालमेल । मध्यपूर्वभरि फैलिएका इरानका सहयोगी र सम्बद्ध आन्दोलनहरूले यस घटनालाई एउटा राजनीतिक लक्षित प्रहारको रूपमा मात्र लिने छैनन् । यसलाई एउटा 'सन्देश' को रूपमा हेरिनेछ । उनीहरूले कूटनीतिक, वैचारिक वा सैन्य रूपमा कसरी प्रतिक्रिया दिन्छन्, त्यसैले यस क्षेत्रको 'तापक्रम' तय गर्नेछ ।

तेस्रो, विश्वव्यापी नजिर । बहालवाला राष्ट्राध्यक्षको लक्षित हत्याले अन्तर्राष्ट्रिय मापदण्डहरूमाथि गम्भीर प्रश्न खडा गर्छ । यदि यस्ता कार्यहरू राज्य सञ्चालनका सामान्य औजार बन्न थाले भने, विश्वभरि नै तनाव उत्कर्षमा पुग्ने सीमा घट्नेछ । साना राष्ट्रहरूले यसलाई नजिकबाट नियाल्नेछन् र प्रतिद्वन्द्वी शक्तिहरूले पनि ।

संयुक्त राज्य अमेरिकाले यो कदमले उसको 'प्रतिरोध' क्षमता बलियो बनाएको विश्वास गर्न सक्छ । तर, प्रतिरोध सधैँ दृष्टिकोणमा भर पर्छ । यदि यसलाई संयमको सट्टा 'अपमान' को रूपमा लिइयो भने, प्रतिशोधको चक्र सुरु हुनसक्छ ।



यस्ता क्षणहरूमा, रणनीति र मनोविज्ञान एकअर्काबाट अलग हुन सक्दैनन् ।

त्यसपछि आउँछ आध्यात्मिक आयाम - जसलाई भू-राजनीतिक विश्लेषणमा प्राय: कम आँकिने गरिन्छ । कुरानले घोषणा गर्दछ: "भन, हे अल्लाह, जो सार्वभौमसत्ताको मालिक हुनुहुन्छ, तपाईं जसलाई चाहनुहुन्छ राज्य दिनुहुन्छ र जसबाट चाहनुहुन्छ राज्य खोस्नुहुन्छ ।"

यो आयतले सांसारिक शक्तिलाई एक विनम्र परिधिभित्र राख्छ । कुनै पनि साम्राज्य स्थायी हुँदैन । कुनै पनि अधिकार मृत्युबाट उम्कन सक्दैन । इतिहास प्रभुत्व र पतनको चक्रबाट अघि बढ्छ । नेताहरू उदाउँछन्, शासन गर्छन् र माटोमा विलीन हुन्छन् । बाँकी रहन्छन् त केवल विचार र तिनीहरूले छोडेका भावनात्मक छापहरू ।

आज इरानमा शोक व्यक्तिगत र राजनीतिक दुवै छ । भवनहरूमा काला झन्डाहरू झुण्डिएका छन् । प्रवचनहरूमा शोकको स्वर गुन्जिरहेको छ । परिवारहरू प्रार्थनामा जुटेका छन् । धेरै सर्वसाधारणका लागि, उनीहरूको राजनीतिक झुकाव जेसुकै भए पनि, लामो समयदेखि सेवा गरेका नेताको हिंसात्मक मृत्युले स्तब्धता र अनिश्चितता निम्त्याएको छ । सुधारको चाहना राख्नेहरूले समेत अहिले अचानक आएको परिवर्तनले निम्त्याउन सक्ने अस्थिरताको सामना गरिरहेका छन् ।

काश्मिरमा, यो समाचारले शान्त चिन्तन पैदा गरेको छ । हाम्रो क्षेत्र यस्तो हो जसले टाढाका शक्ति सङ्घर्षहरूले दैनिक जीवनलाई कसरी आकार दिन सक्छन् भन्ने कुरा राम्ररी बुझेको छ । विश्वका राजधानीहरूमा लिइने निर्णयहरूले बजार, सुरक्षा परिदृश्य र जनभावनाहरूमा तिनीहरूको उत्पत्ति स्थानभन्दा धेरै टाढासम्म तरङ्ग ल्याउन सक्छन् भन्ने हामीलाई थाहा छ । यस क्षणको भावनात्मक प्रभाव भूगोलको सीमाभन्दा धेरै टाढासम्म पुगेको छ ।

इजरायलका लागि यो अभियान एक प्रमुख प्रतिद्वन्द्वीलाई समाप्त गरेको रूपमा हेरिन सक्छ । वासिङटनका लागि यो 'प्रतिरोध' (Deterrence) पुनर्स्थापना गर्ने कदमका रूपमा व्याख्या हुन सक्छ । तर, तेहरान र खामेनीलाई आध्यात्मिक अभिभावक मान्ने लाखौँ मानिसहरूका लागि यो 'सहादत' को रूपमा स्मरण गरिनेछ । सहादतले स्मृतिलाई नयाँ स्वरूप दिन्छ । त्यसैले अहिले यस क्षेत्रको अगाडि रहेको प्रश्न केवल "उनको स्थान कसले लिन्छ ?" भन्ने मात्र होइन, बल्कि "यो घटनालाई कुन भाष्यमा प्रस्तुत गरिन्छ ?" भन्ने हो ।

भाष्यले नै गठबन्धनहरू बनाउँछ । भाष्यले नै प्रतिशोध वा संयमतालाई जायज ठहऱ्याउँछ । भाष्यहरू व्यक्तिभन्दा धेरै समयसम्म जीवित रहन्छन् । यदि यसलाई सार्वभौमसत्ता र आस्थाविरुद्धको आक्रामक कदमका रूपमा व्याख्या गरियो भने, यसले इरानको अडानलाई एक पुस्तासम्मका लागि अझ कठोर बनाउन सक्छ । यदि यसलाई कूटनीतिक सावधानी र तनाव न्यूनीकरणका माध्यमहरूबाट व्यवस्थापन गरियो भने, यसले विरोधाभासपूर्ण रूपमा पुनरावलोकनका लागि ठाउँ बनाउन सक्छ । आउने महिनाहरूले कुन बाटो हावी हुन्छ भन्ने निर्धारण गर्नेछन् ।

कुरानले मानवतालाई स्मरण गराउँछ, "प्रत्येक जीवले मृत्युको स्वाद चाख्नेछ ।" मृत्युले शासक र शासित दुवैलाई समान बनाउँछ । यद्यपि, मृत्युको प्रकृतिले जीवनको विरासतलाई प्रभाव पार्छ । प्रतिरोधका एक प्रतीक अब शरीरका रूपमा रहेनन् । तर विश्वासमा जरा गाडेका प्रतीकहरू अन्त्येष्टिसँगै हराउँदैनन् । ती स्मृतिमा, प्रवचनमा, भाषणमा र नीतिमा बसाइँ सर्छन् । नयाँ पुस्ताले मर्यादा, शक्ति र सार्वभौमसत्तालाई कसरी बुझ्छ भन्ने कुरालाई यिनैले मार्गनिर्देश गर्छन् ।

भू-राजनीतिले शक्तिको मापन मिसाइल र गठबन्धनहरूमा गर्छ । आध्यात्मिक स्मृतिले यसलाई बलिदान र सहनशीलतामा मापन गर्छ । जब यी दुई कुरा आपसमा ठोक्किन्छन्, त्यसको परिणाम कैयौँ गुणा बढेर जान्छ । इतिहासले अहिले यसलाई नजिकबाट नियालिरहेको छ । के यो क्षणले टकरावलाई कम गर्ला कि अझ मजबुत बनाउला ? यसले तनावलाई रोक्ला कि प्रतिरोधलाई पवित्र बनाउला ? यसको जवाफ समयले मात्र दिनेछ । तर आज राति, इरानभरि र त्योभन्दा टाढासम्म, शोक र भू-राजनीति सँगसँगै उभिएका छन् । आँसु झरिरहेका छन् । झन्डाहरू झुकेका छन् । प्रार्थनाहरू गुन्जिरहेका छन् ।

प्रतिरोधका एक प्रतीक अब रहेनन् । तर, इतिहासले एउटा गम्भीर सत्य सिकाउँछ, कुनै व्यक्तिलाई हटाउनु सजिलो हुन्छ । तर उसलाई आकार दिने शक्तिहरूलाई रूपान्तरण गर्नु धेरै नै जटिल हुन्छ । आस्था, धैर्यता र दीर्घकालसम्म टिकिरहने विश्वास सत्ताभन्दा पनि दीर्घजीवी हुन्छ ।

*(डा. असरफ जैनाबी जम्मु र कश्मीरका शिक्षक र अनुसन्धानकर्ता हुन् ।)*

# चुनावले नछोएको बस्ती : वनकरियालाई न लालपुर्जा न त विकल्प !

**अर्चना दर्जी**

देश निर्वाचन प्रचारप्रसारले ताते पनि २६ वर्षअघि जङ्गलबाट समाजमा सारिएका मकवानपुर, मनहरी-४, मुसेधापका वनकरियालाई भने चुनावले छोएको छैन । आफ्नो क्षेत्रमा को-को उम्मेदवार छन्, उनीहरूलाई त्यो थाहा छैन ।

यो चुनावी तरङ्गले नछोएको एउटा बस्ती छ- मकवानपुरको मनहरी गाउँपालिका-४, मुसेधापको वनकरिया बस्ती । यहाँका वनकरिया समुदायका लागि चुनाव कुनै उत्सव होइन, कुनै बहस होइन, न त कुनै परिवर्तनको आशा । 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' भन्ने उखान ठ्याक्कै सुहाउँदो भएको छ, वनकरिया बस्तीलाई । न उम्मेदवार भोट माग्न आएका छन्, न त चुनावी एजेन्डाको चर्चा छ । क्षेत्र नम्बर-२ मा बसोबास गरिरहेका उनीहरूलाई आफ्नो क्षेत्रका उम्मेदवार को-को हुन् भन्ने थाहा छैन ।

राज्यले उपलब्ध गराएको जस्ताको छानाले बनेको एकै किसिमका घरमा बसेर उनीहरू अझै नागरिक बन्न सङ्घर्ष गरिरहेका छन् ।

### जङ्गलदेखि बस्तीसम्म

लोपोन्मुख आदिवासी वनकरियाहरू मकवानपुरको चुरेघाँचको जङ्गलमा बस्थे । उनीहरू यही चुरेघाँचको जङ्गलमा जन्मे, यहीं हुर्के र यहींको जङ्गलमा जीविका चलाए । वनकरियाहरूको उत्पति कहाँ भयो भन्ने अहिलेसम्म इतिहास नभेटिएको लेखक प्रताप विष्टले 'छेलिएका अनुहार' पुस्तकमा उल्लेख गरेका छन् । वनकरिया कसरी भइयो भन्ने पनि उनीहरूलाई थाहा छैन । वनकरिया सामाजिक अगुवा सन्तमाया वनकरिया भन्छिन्, "वनमा बस्ने भएकाले वनकरिया भनिएको होला नि !"

जङ्गलकै जडीबुटी र कन्दमूलले गुजारा चलाउँथे । कन्दमूल र जडीबुटी सङ्कलनमा खप्पिस वनकरियालाई चुरेघाँच जङ्गलको बारेमा राम्रो ज्ञान थियो । जङ्गल उनीहरूको घर थियो, भान्सा थियो, बजार थियो; जङ्गल नै गाउँ थियो, जङ्गल नै सहर थियो । तरुल, गिट्ठा, भ्याकुरले नै जीवन गुजारा हुन्थ्यो । उनीहरू आफैंले जनावरको शिकार भने गर्दैनथे ।

उनीहरूका लागि सबैभन्दा मीठो खाना कमिलाको अचार हो । उनीहरू जङ्गलको रातो कमिलालाई भुटेर अचार बनाउँथे । वनमै थाकल र स्याउलाको छाप्रो बनाएर ओत लाग्थे ।

उनीहरूको आफ्नै संस्कार थियो, ढुङ्गाको पूजा गर्थे । चुरियामाई (चुरे क्षेत्र) लाई देवताको रूपमा मान्थे । उनीहरूको सामाजिक राजा अर्थात् अगुवा पनि हुन्थे- झाँक्री । तिनैलाई मान्थे, वनको राजा । "जेठा वनकरिया थिए, उनी बितेपछि माइला, उनीपछि कान्छा वनकरिया अगुवा भए ।"

जङ्गललाई नै संसार बनाएका वनकरिया माओवादी द्वन्द्वको चपेटामा परे । २०५२ सालमा द्वन्द्व सुरु भएपछि जङ्गलमै आश्रित वनकरियाको अस्तित्व खोसियो । द्वन्द्वरत दुवै पक्षले जङ्गल नपस्न निर्देशन दिए । त्यसपछि उनीहरू जङ्गलको छेउमा बस्न थाले । ट्वाङ्गा खोलाको सुक्खा टापुकै छेउमा स्याउलाको छाप्रो हालेर बस्न थाले ।

जङ्गलमै फिरन्ते जीवन बाँचिरहेका वनकरियाको अवस्था सञ्चारकर्मीले सार्वजनिक गरेपछि तत्कालीन हाँडीखोला गाविसका जनप्रतिनिधिले २०५६ सालमा चुरे जङ्गलको ट्वाङ्ग्रे डाँडामा छाप्रो हालेर बसाले । साना छोराछोरीहरू छाप्रोमा राखेर उनीहरू भित्री जङ्गलमा जान्थे- कुरिलो, तरुल, गिट्ठा, भ्याकुर खोज्न । त्यतिबेलासम्म पुरुषहरू रासन लिन बजार पनि जान थालेका थिए । "जङ्गलबाट कुरिलो, खरेटो बजारमा लगेर बेच्थे," विष्णुमाया वनकरिया सुनाउँछिन्, "त्यो पैसाले मकै र कोदोको पिठो ल्याउँथ्यौं । त्यसैको खोले बनाएर खान्थ्यौं ।"

जङ्गली जनावरबाट नडराउने उनीहरू मान्छेदेखि भने डराउँथे । "हामीलाई लिएर जाने हुन् कि, मारिदिने हुन् कि भन्ने डर लाग्थ्यो," सन्तमाया हाँस्दै सुनाउँछिन् ।

जङ्गलमै बसिरहेका वनकरिया जङ्गलबाट निस्केपछि बेलाबेला मान्छेहरू देख्थे, त्यतिवेला फेरि भागेर जङ्गलै पस्थे । "मान्छे देख्दा डराएर धेरै पल्ट भागेको छु," ३३ वर्षीय राम वनकरिया सम्झिन्छन् ।

जङ्गलबाट विस्थापित हुनु परेपछि उनीहरूले पेटभरी खाना पाउँदैनथे । सन्तानलाई छाप्रोमा राखेर आमा-बा खानेकुरा खोज्न भित्री जङ्गल पस्थे ।

चौराखोला, जेठो सुकौरा, माइलो सुकौरा, भालुखोला, बगाई खोला- यी खोला र डाँडाहरू नै उनीहरूको संसार थियो । अहिले त्यो क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जभित्र पर्छ ।

सुरुमा जङ्गलमै बस्न रुचाउने उनीहरू अहिले बस्तीमा भिजिसकेका छन् । तर, आफ्नो पुर्ख्यौली ठाउँको झझल्को भने आइरन्छ । पुरानो पुस्ता अझै पनि त्यस ठाउँलाई माइतीजस्तो सम्झन्छन्- सधैं नबसे पनि बेलाबेला गइरहन, हेरिरहन मन लाग्ने ।

मुसेधापमा वनकरियाको एकै किसिमका दुई कोठे घरहरू छन् । गत वर्ष जनता आवास कार्यक्रमअन्तर्गत बागमती प्रदेश सरकारले सिमेन्टको ब्लक र जस्ताको छाना भएको १२ वटा घर बनाइदियो । त्यसअघि राहतस्वरूप भूकम्पको दुई वर्षपछि सरकारले १२ वटा घर बनाइदिएको थियो । २०६६ सालदेखि हरेकले प्रतिव्यक्ति मासिक रु.२ हजारका दरले सामाजिक सुरक्षा भत्ता पनि पाइरहेका छन् ।

### विस्थापित हुने त्रास

२०७८ सालको जनगणनाअनुसार १८० जना वनकरियाहरू छन् । तर, स्थानीय सर्वेक्षण अनुसार मुसेधापमा हाल २४ घरधुरीमा ९४ जना वनकरिया बसोबास गर्छन् ।

तत्कालीन सरकारले उपलब्ध गराएको कबुलियतीको म्याद यही चैत २८ गते सकिँदै छ । दुईकोठे छाप्राहरूले ओगटेका जग्गा र खनी खोस्री गर्दै आएका बारी उनीहरूको नाममा छैनन् । त्यसैले उनीहरूमा विस्थापित हुने त्रास बढिरहेको छ ।

२०४० सालमा त्यो क्षेत्र वन्यजन्तु आरक्षको रूपमा स्थापना गरिएको थियो । २०६२ सालमा मध्यवर्ती क्षेत्र घोषणा गरियो । त्यतिबेलै सरकारले वनकरियालाई त्यस ठाउँमा राखिदियो ।

२०७४ सालमा उक्त क्षेत्र निकुञ्जमा परिणत भयो । निकुञ्ज बनिसकेपछि भने वनकरियाहरू झनै मारमा परे । आदिवासी जनजाति जल, जङ्गल र जमीनमा निर्भर छन् । तर, त्यसैबाट उनीहरू वञ्चित भए ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को ३ को (ख) मा मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेका स्थानीय जनताको भू-स्वामित्वलाई कुनै असर पारिने छैन भनिएको छ । तर, सो ऐनले वनकरियालाई उनीहरूको अधिकार दिन सकेको छैन । साथै, निकुञ्जको नियमले गर्दा वनको पनि उपभोग गर्न पाएका छैनन् ।

एकातिर २० वर्षको कबुलियतीको म्याद सकिँदै छ, अर्कोतिर निकुञ्जले वनकरियालाई अन्यत्र लैजान भनेर वन कार्यालयलाई ताकेता गरिरहेको छ ।

त्यो स्थान निकुञ्ज क्षेत्रमा पर्ने भएकाले अब राज्यले उनीहरूलाई अन्यत्रै स्थानान्तरण गर्नुपर्ने पर्सा राष्ट्रिय निकुञ्ज प्रमुख रामचन्द्र खतिवडा बताउँछन् । "उहाँहरूको लालपुर्जा पनि रैन'छ, त्यो निकुञ्ज क्षेत्र हो । नीतिगत रूपमा उहाँहरू त्यस ठाउँमा बस्न मिल्दैन," निकुञ्ज प्रमुख खतिवडा भन्छन् , राज्यले व्यवस्था गऱ्यो भने गऱ्यो, नभए उहाँहरूले त्यो ठाउँ छोड्नुपर्छ । राज्यको बेवास्ता र निकुञ्जको चेपुवामा परेका वनकरिया अब फेरि जङ्गल फर्किनुपर्ने हो कि भन्ने चिन्तामा छन् ।

### लालपुर्जा माग

आफूहरूले भोगचलन गरिरहेको जमीनको लालपुर्जा माग गर्दै उनीहरू मन्त्रालय धाइरहेका छन् । राजधानीको सिंहदरबारमा लालपुर्जा दिलाइदिनु भन्दै बिन्ती बिसाउन पुग्छन् । तर, अहिलेसम्म उनीहरूको समस्या समाधान भएन ।

वनकरियाहरूले गत माघ २५ गते वन तथा वातावरण मन्त्रालयमा ध्यानाकर्षण पत्र बुझाए । आफूहरूले बसोबास गर्दै आएको जग्गा नवीकरण नगरिनु तथा स्थायी जग्गा दर्ता प्रक्रिया अघि नबढाइनुले आफूहरूको भूमि अधिकार उल्लङ्घन भएको भन्दै सरकारलाई ध्यानाकर्षण पत्र बुझाए । भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई पनि भूमि अधिकारको सुनिश्चित गरिदिन माग गर्दै ध्यानार्कषण पत्र बुझाएका छन् ।

संविधानको धारा १८ मा समानताको हक सम्बन्धी व्यवस्था छ, जसले 'सबै नागरिक समान हुने तर सामाजिक र सांस्कृतिक दृष्टिले पिछडिएका वर्गलाई विशेष व्यवस्था गर्न रोक लगाइने छैन' भनिएको छ । यद्यपि, उनीहरूले संविधान सम्मत समानताको हक प्रत्याभूत गर्न पाएका छैनन् ।

संविधानको धारा २५ मा सम्पत्तिको हक अन्तर्गत 'प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्न हक हुनेछ' उल्लेख गरिएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) ले आदिवासी समुदायलाई परम्परागत भूमिमा स्वामित्व तथा प्राकृतिक स्रोतमा अधिकार प्रत्याभूत गरेको छ ।

भूमि ऐन २०२१ को आठौँ संशोधनको दफा ५२ को (ग) मा ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए पनि 'आवादीमा परिणत भएको जग्गामा कम्तीमा १० वर्ष अघिदेखि आवाद कमोत गरिआएका अव्यवस्थित बसोबास गर्दै आएकालाई एक पटकका लागि नेपाल सरकारले निजहरूको आवाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ' भन्ने व्यवस्था गरिएको छ ।




प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङस्थित पार्टी स्थापना स्मारक स्क्वायरमा कोरियाली समाजवादी महिला महासङ्घद्वारा आयोजित सशक्त महिला प्रदर्शन मार्च १२, २०२६ का दिन । उक्त प्रदर्शनमार्फत कोरियाली महिलाहरूले कोरियाली मजदुर पार्टीको ९ औं महाधिवेशनका नीति निर्णय कार्यान्वयन गर्ने कटिबद्धता प्रदर्शन गरेका छन् ।

*तस्बिर : केसीएनए*

# लेबनानमा बढ्दो मानवीय सङ्कटप्रति संयुक्त राष्ट्रसङ्घको चिन्ता

संयुक्त राष्ट्रसङ्घ, ३० फागुन ( सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घका वरिष्ठ अधिकारीहरूले लेबनानमा इजरायली बमबारीबाट प्रभावित मानिसहरूका लागि तत्काल सहायता उपलब्ध गराउन तथा मानवीय राहत सामग्री सुरक्षित रूपमा पार गर्न अनुमति दिन अपिल गरेका छन् ।

अचानक गरिएको लेबनान भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले दक्षिणी लेबनानमा भएका इजरायली आक्रमणका पीडितका लागि ३० करोड ८३ लाख अमेरिकी डलर बराबरको तीन महिनाको आपतकालीन सहायता अपिल घोषणा गर्नुभएको छ । यो जानकारी महासचिवका मुख्य प्रवक्ता स्टेफान दुजारिकले दिनुभयो ।

उहाँका अनुसार उक्त सहायता कार्यक्रमबाट झण्डै १० लाख मानिस लाभान्वित हुने अपेक्षा गरिएको छ । यसमा प्रभावित कमजोर लेबनानी नागरिक, विस्थापित सिरियाली, लेबनानका प्यालेस्टिनी शरणार्थी, सिरियाबाट आएका प्यालेस्टिनी शरणार्थी तथा आप्रवासीहरू समावेश छन् ।

महासचिव गुटेरेसले क्षेत्रीय द्वन्द्वका कारण सर्वसाधारणले भोगिरहेको पीडा अन्त्य गर्न दुवै पक्षलाई तुरुन्त युद्धविराम गर्न पनि आग्रह गर्नुभएको छ । लेबनान भ्रमणका क्रममा उहाँले राष्ट्रपति जोसेफ औन, संसद् सभामुख नबिह बेरी र प्रधानमन्त्री नवाफ सलामसँग भेटवार्ता गर्नुभएका थिए ।

यसैबिच संयुक्त राष्ट्रसङ्घका मानवीय मामिला तथा आपतकालीन राहत संयोजक टम फ्लेचरले मानवीय राहत सामग्री बोक्ने जहाजहरूलाई अवरोधबिना सुरक्षित मार्ग उपलब्ध गराउन तत्काल अपिल गर्नुभयो ।

उहाँले चेतावनी दिँदै भन्नुभयो, "यदि मार्गमा अवरोध आयो भने खाद्यान्न, औषधि र जीवनरक्षक सामग्रीको मूल्य बढ्नेछ, जसको असर सबैभन्दा बढी कमजोर समुदायमा पर्नेछ ।"

संयुक्त राष्ट्रसङ्घका निकायहरूले उक्त समुद्री मार्गलाई विश्व व्यापारका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग भएको बताएका छन् । हाल जहाज आवागमन लगभग ठप्प भएको र इन्धनको लागत बढ्दै गएकाले विश्वव्यापी आपूर्ति शृङ्खलामा ढुवानी खर्च बढ्ने जोखिम रहेको बताइएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय समन्वय कार्यालयका अनुसार पछिल्लो २४ घण्टामा गाजा क्षेत्रमा रहेको सीमानाकाबाट पठाउन खोजिएका अधिकांश मानवीय सामग्रीहरूलाई अनुमति दिइएको छैन ।

फलस्वरूप संयुक्त राष्ट्रसङ्घले इन्धन मात्र सङ्कलन गर्न सकेको छ, अन्य राहत सामग्री भने प्रवेश गर्न पाएका छैनन् । यस क्रममा विश्व स्वास्थ्य संयुक्त राष्ट्रसङ्घले मानवीय आपूर्ति मार्ग अवरुद्ध भए लाखौँ मानिस जीवनरक्षक सहायता नपाउने जोखिममा पर्ने चेतावनी दिएका छन् ।

# इरानको तेल नेटवर्कमाथि अमेरिकी आक्रमण: युद्ध बढ्दै

वासिङ्टन ,३० फागुन (एपी) । अमेरिका र इरानबिचको द्वन्द्व तीव्र हुँदै गएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पका अनुसार अमेरिकाले इरानको तेल नेटवर्कसँग सम्बन्धित महत्त्वपूर्ण खार्ग टापुमा बमबारी गरेको छ । यो टापु इरानको मुख्य तेल निर्यात टर्मिनल भएको स्थान हो । अमेरिकी सेनाले टापुमा रहेका सैन्य लक्ष्यहरू पूर्ण रूपमा नष्ट गरेको र आवश्यक परे तेल पूर्वाधारलाई पनि निशाना बनाउन सकिने चेतावनी दिएको छ । यसअघि इरानी संसदको अध्यक्ष मोहम्मद बाघेर कालीबाफले यस्ता आक्रमणहरू इरानको कडा प्रतिक्रिया निम्त्याउने चेतावनी दिनुभएको थियो ।

इरानको राजधानी तेहरानमा शुक्रबार एक ठूलो विस्फोट भएको छ । विस्फोट त्यही क्षेत्रमा भएको थियो जहाँ हजारौँ मानिसहरूले वार्षिक प्यालेस्टिनी समर्थक र्‍यालीमा सहभागी भई इजरायल र अमेरिकाविरुद्ध नाराहरू लगाएका थिए । यस र्‍यालीमा केही उच्च सरकारी अधिकारी पनि उपस्थित थिए । विस्फोटका कारण मानवीय क्षति नभएको जानकारी दिइएको छ, तर यस घटनाले द्वन्द्वमा दुबै पक्षको अडिग निर्णय र प्रतिकार क्षमतालाई स्पष्ट पारेको छ ।

युद्धमा अमेरिकी बललाई थप सुदृढ गर्न ३१ औँ मरीन एक्सपेडिसनरी युनिट र उभयचर हमला जहाज ट्रिपोली मध्यपूर्वमा पठाइएको छ । यी मरीन युनिटहरूले उभयचर आक्रमणमा मात्र होइन, दूतावास सुरक्षा, नागरिक उद्धार र विपद् राहतका कार्यमा पनि विशेषज्ञता राख्ने दाबी गरिएको छ । यो तैनाथीले अनिवार्य रूपमा कुनै भू-आक्रमणको सङ्केत नगर्ने अमेरिकी अधिकारीहरूले बताएका छन् । पहिले नै अमेरिकी नौसेनाले अरब सागरमा एरोक्राफ्ट क्यारियर अब्राहाम लिङ्कन र आठ विध्वंसक जहाजसहित १२ जहाज परिचालनमा राखेको थियो । ट्रिपोली जहाज सामेल भएपछि यो बल क्षेत्रको दोस्रो सबैभन्दा ठूलो जहाज हुनेछ ।

इरानले इजरायल र खाडी क्षेत्रका छिमेकी देशहरूमा मिसाइल र ड्रोन आक्रमण निरन्तर जारी राखेको छ । स्ट्रेट अफ होरमज, जहाँ विश्व व्यापारमा प्रयोग हुने तेलको करिब पाँचौं भाग जान्छ, इरानी सेनाको नियन्त्रणका कारण प्रायः बन्द भएको छ । यसले खाडी क्षेत्रमा तेल आपूर्ति र अन्तर्राष्ट्रिय बजारमा दबाब सिर्जना गरेको छ ।

मानवीय सङ्कट गहिरो हुँदै गएको छ । लेबनानमा इजरान समर्थित हेजबोल्लाह नियन्त्रित क्षेत्रमा इजरायली हमला हुँदा करिब ८०० जनाको मृत्यु भइसकेको छ भने आठ लाख ५० हजार जना विस्थापित भएका छन् । इजरायल-हेजबोल्लाह द्वन्द्वमा लेबनानमा ७७३ जनाको मृत्यु भइसकेको छ, जसमा १०० भन्दा बढी बालबालिका र १८ स्वास्थ्यकर्मीहरू रहेका छन् ।

अमेरिकाले युद्धको सुरुदेखि १५ हजारभन्दा बढी इरानी लक्ष्यमा हमला गरेको छ । अमेरिकी रक्षा सचिवले प्रतिदिन एक हजार भन्दा बढी लक्ष्यमा आक्रमण भइरहेको जानकारी दिए । पश्चिम इराकमा अमेरिकी ईन्धन आपूर्ति विमान दुर्घटनामा परेर ६ चालक दलका सदस्यको मृत्यु भएको छ । यो दुर्घटना अमेरिकी सेनाका चारवटा सार्वजनिक रूपमा पुष्टि भएका विमान दुर्घटनाहरूमध्ये चौथो हो । यसअघि तीन अमेरिकी लडाकू जहाज कुवेतबाट आएको मित्र राष्ट्रको गल्तीपूर्ण फायरमा ध्वस्त भएका थिए ।

यो द्वन्द्वले विश्वव्यापी अर्थतन्त्र, खाडी क्षेत्रको सुरक्षा स्थिति र मानवीय सङ्कटमा गम्भीर प्रभाव पारेको छ । तेल र ऊर्जा आपूर्तिमा जोखिम बढेको, लाखौँ नागरिक विस्थापित भएका र सम्पत्ति नष्ट भएको स्थिति छ । दुबै पक्षको कडा प्रतिकार र युद्ध रणनीतिले यस द्वन्द्वलाई अझ जटिल र खतरनाक बनाएको छ ।

# इराकमा अमेरिकी इन्धन विमानका ६ चालक दलका सदस्यको मृत्यु

वाशिङ्टन, ३० फागुन (एपी) । इरानसँगको सैन्य अभियानको क्रममा इराकको पश्चिम क्षेत्रमा अमेरिकी इन्धन विमान 'केसी-१३५' दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार सबै ६ चालक दलका सदस्यको मृत्यु भएको अमेरिकी सेनाले शुक्रबार पुष्टि गरेको छ । अमेरिकी सेनाको मध्यपूर्व क्षेत्र जिम्मेवारी लिने सेनाले अनुसार, दुर्घटना 'मैत्रीपूर्ण हवाई क्षेत्र' मा दुई विमानको संलग्नताको क्रममा भएको थियो र अर्को विमान सुरक्षित अवतरणमा सफल भएको छ ।

ओहायो राज्यका गभर्नर माइक डेवाईनले सामाजिक सञ्जालमा दुर्घटनामा परेका ६ मध्ये ३ चालक दलका सदस्य ओहायो हवाई राष्ट्रिय गार्डको १२१ औँ एयर रिफ्यूलिङ विङ्गमा कार्यरत रहेका जानकारी दिनुभयो । उहाँले परिवारप्रति शोक व्यक्त गर्दै उनीहरूको नाम खुलाइएको छैन । यो दुर्घटनाले सेनामा मृत्यु हुने सङ्ख्या कम्तीमा १३ पुगेको छ, जसमा सात जना युद्धमा मारिएका छन् र करिब १४० जना घाइते भएका छन् ।

केसी-१३५ स्ट्राटोट्याङ्कर विमानले अन्य विमानलाई हवाईबाट इन्धन आपूर्ति गर्ने काम गर्छ, जसले लामो दूरीको मिशन पूरा गर्न मद्दत गर्छ । साथै यसलाई घाइते सैनिकको आपतकालीन निकासी र निगरानी अभियानमा पनि प्रयोग गरिन्छ । यो विमान १९६० दशकको डिजाइनमा आधारित छ र क्रमिक रूपमा नयाँ विमानले प्रतिस्थापन हुँदैछ ।

संयुक्त राज्यको सेनाले दुर्घटनाको कारण तत्काल पत्ता नलागेको बताए पनि, यो 'शत्रु वा मैत्रीपूर्ण गोलीबारीका कारण नभएको' स्पष्ट पारेको छ । सेनाध्यक्ष जनरल ड्यान केनले भन्नुभयो, "दुर्घटना मैत्रीपूर्ण क्षेत्रको वरिपरि भएको, जबकि चालक दल युद्ध मिशनमा थियो ।"

सुरक्षा विशेषज्ञ याङ उकका अनुसार, युद्ध क्षेत्रमा इन्धन आपूर्ति गर्ने विमान शत्रु आक्रमणमा कम जोखिममा हुन्छ, किनभने यस्ता मिशन प्रायः अग्रभूमि भन्दा टाढा सम्पन्न हुन्छ ।

केसी-१३५ विमानले विगतमा केही घातक दुर्घटना भोगिसकेको छ । सन् २०१३ मा किर्गिस्तानमा एक विमान दुर्घटना हुँदा चालक दलका तीन सदस्य मारिएका थिए । त्यस्तै, १९६६ मा स्पेनको पालोमारेसमा बमबारी विमानसँगको मध्य हवाई ठोक्कामा चार चालक दलको मृत्यु भएको थियो । यद्यपि विमानको सुरक्षा र मर्मत व्यवस्थापन उच्चस्तरीय रहेको बताइएको छ ।

अधिकांश विमानमा छालाबाट बाहिर जानको लागि प्यारासुट नराखिएको हुन्छ । यसबारे पूर्व अनुसन्धानकर्ताका अनुसार, "विमानमा दुर्घटना हुने सम्भावना अत्यन्त कम हुन्छ । यसले गर्दा चालक दलले विमानमै रहनु सुरक्षा दृष्टिले बढी उपयुक्त हुन्छ ।"

केसी-१३५ को चालक दल सामान्यतया तीन सदस्य हुन्छ । आवश्यक भएमा हवाई निकासीमा नर्स र चिकित्सक पनि सवार हुन्छन् । इन्धन आपूर्ति प्रायः विमानको पछाडि बूमबाट गरिन्छ, जसले लडाकू वा अन्य विमानसँग जडान गर्दछ ।

यो दुर्घटना इरान-अमेरिका युद्धको क्रममा सार्वजनिक रूपमा देखिएका चौथो विमान दुर्घटना हो । यसले खाडी क्षेत्रमा सैन्य अपरेशनको चुनौती र लामो दूरीको मिशनमा इन्धन आपूर्तिको महत्त्वलाई झन् बढाएको छ ।

# पाकिस्तानको उत्तर-पश्चिममा आतङ्कवादविरुद्धको कारबाहीमा ६ आतङ्ककारी मारिए

इस्लामाबाद, ३० फागुन (सिन्ह्वा) । पाकिस्तानको उत्तर-पश्चिमी प्रान्त खैबर पख्तूनख्वामा आतङ्कवादविरुद्ध गरिएको गुप्तचर सूचनामा आधारित कारबाहीमा ६ जना आतङ्ककारी मारिएका छन् ।

प्रहरीका अनुसार उक्त कारबाही लक्की मरवत जिल्लामा गरिएको हो । त्यहाँ आतङ्ककारीहरू लुकेर बसेको विश्वसनीय सूचना प्राप्त भएपछि आतङ्कवादविरुद्धको विभागले अपरेशन सञ्चालन गरेको बताइएको छ ।

छापा मार्ने क्रममा आतङ्ककारीहरूले सुरक्षाकर्मीमाथि गोली चलाएपछि करिब ४० मिनेटसम्म दोहोरो भिडन्त भएको थियो । भिडन्तपछि ६ जना आतङ्ककारी मृत अवस्थामा फेला परेका थिए भने केही अन्य भाग्न सफल भएका थिए ।

घटनास्थलबाट सुरक्षा निकायले क्लाश्निकोभ राइफल, ह्यान्ड ग्रेनेड तथा एक घरेलु विस्फोटक उपकरण सहित ठूलो मात्रामा हतियार तथा विस्फोटक बरामद गरेको जनाएको छ ।

खैबर पख्तूनख्वा प्रहरीका महानिरीक्षक जुल्फिकार हमिदले सफल कारबाहीका लागि आतङ्कवादविरुद्धको विभागका कर्मचारीहरूको प्रशंसा गर्दै प्रान्तमा उग्रवादी समूहविरुद्ध अभियान जारी रहने बताएका छन् ।

यसअघि सोही दिन उक्त जिल्लामा प्रहरीको गाडीलाई लक्षित गरी भएको विस्फोटमा ७ जना प्रहरीकर्मीको मृत्यु भएको थियो ।

# केन्यामा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या ६२ पुग्यो

नाइरोबी, ३० फागुन (सिन्ह्वा) । केन्यामा भारी वर्षा पछि आएको बाढीका कारण मृत्यु हुनेको सङ्ख्या ६२ जना पुगेको सरकारले जानकारी दिएको छ ।

आन्तरिक तथा राष्ट्रिय प्रशासन मन्त्रालयका अनुसार, मृतकमा ४६ पुरुष, ८ महिला र ८ बालबालिका रहेका छन् ।

मन्त्रालयले नाइरोबीमा सबैभन्दा बढी ३३ जनाको मृत्यु भएको, त्यसपछि पूर्वी क्षेत्र १७ र रिफ्ट भ्याली क्षेत्रमा ७ जनाको मृत्यु भएको जानकारी दिएको छ ।

सरकारले बाढीले १० हजारभन्दा बढी परिवार प्रभावित भएको र ४ हजार ८४५ जनालाई सुरक्षित ठाउँमा सरेर बस्न बाध्य भएको जनाएको छ ।

भारी वर्षाका कारण पूर्वी अफ्रिकी राष्ट्रका विभिन्न भागमा बाढी आएको, सडक अवरुद्ध भएका, सम्पत्ति नष्ट भएका र प्रभावित समुदायमा असहज अवस्था सिर्जना भएको बताइएको छ ।

मृत्युसँगै पूर्वाधार र जीविकोपार्जनमा पनि ठूलो क्षति भएको छ ।

केन्या मौसम विभागले आगामी दिनमा पनि भारी वर्षा हुने पूर्वानुमान जारी गरेको र जीवनरक्षाका लागि अत्यन्त सतर्क रहन स्थानीयबासीलाई आग्रह गरेको छ ।

# काठमाडौँको वायु प्रदूषण गम्भीर

# प्रदूषण नियन्त्रणमा सरकारको दायित्व र नागरिकको जिम्मेवारी दुवै महत्त्वपूर्ण

● कृतिका भण्डारी

काठमाडौँ उपत्यकाको वायु प्रदूषण फेरि एकपटक गम्भीर स्तरमा पुगेको छ । बुधबार बिहान ८:४५ बजेको मापनअनुसार काठमाडौँको वायु गुणस्तर सूचकाङ्क १८६ पुगेको छ, जसले वायु गुणस्तरलाई अस्वस्थकर श्रेणीमा राखेको छ । सोही समयको विवरणअनुसार पीएम २.५ को मात्रा १०५.५ माइक्रोग्राम प्रति घनमिटर र पीएम १० को मात्रा ८९.६ माइक्रोग्राम प्रति घनमिटर मापन गरिएको थियो । तापक्रम १७ डिग्री सेल्सियस, आर्द्रता ८८ प्रतिशत र हावाको गति ० किलोमिटर प्रतिघण्टा रहेकाले प्रदूषक कणहरू लामो समय हावामै अडिने अवस्था बनेको देखिन्छ । आईक्यूएयरले पनि काठमाडौँको हावा सोही अवधिमा अस्वस्थकर रहेको जनाएको छ ।

वायु गुणस्तर सूचकाङ्कले हावा कति सफा वा प्रदूषित छ भन्ने जनाउँछ । अमेरिकी मापन पद्धतिअनुसार १५१ देखि २०० को बीचमा पर्ने सूचकाङ्कलाई अस्वस्थकर मानिन्छ । यस्तो स्तरमा संवेदनशील समूह मात्र होइन, सामान्य स्वस्थ व्यक्तिले पनि असर अनुभव गर्न सक्छन् । सूचकाङ्क २०१ नाघेपछि अवस्था अत्यन्त अस्वस्थकरतर्फ जान्छ र स्वास्थ्य जोखिम अझ बढ्छ । काठमाडौँ पोस्टले पनि यही वर्गीकरण उल्लेख गर्दै अहिलेको अवस्थाले सबै नागरिकमा स्वास्थ्य असर देखिन सक्ने सङ्केत गरेको छ ।

हावामा तैरिरहेका धुलो, धुवाँ, कालो कण, राख, धातुका सूक्ष्म अंश, अम्लीय कण र साना तरल थोपालाई समग्रमा कणीय पदार्थ भनिन्छ । यही कणीय प्रदूषणका दुई प्रमुख प्रकार हुन् पीएम २.५ र पीएम १० । पीएम २.५ भनेको व्यासमा २.५ माइक्रोमिटर वा त्यसभन्दा साना कण हुन् भने पीएम १० भनेको १० माइक्रोमिटर वा त्यसभन्दा साना कण हुन् । पीएम २.५ अत्यन्त सूक्ष्म भएकाले साससँगै फोक्सोको गहिरो भागसम्म पुग्न सक्छ र केही अवस्थामा रगतमा समेत प्रवेश गर्न सक्छ । विश्व स्वास्थ्य सङ्गठनले पीएम २.५ र पीएम १० लाई मानव स्वास्थ्यसँग प्रत्यक्ष रूपमा जोडिएका प्रमुख प्रदूषकका रूपमा वर्गीकृत गरेको छ । काठमाडौँ पोस्टले पनि पीएम २.५ लाई नाक र घाँटी पार गरेर फोक्सो र रक्तप्रवाहसम्म पुग्न सक्ने सबैभन्दा खतरनाक प्रदूषकहरूमध्ये एक मानेको छ ।

पीएम २.५ को अत्यन्त सानो आकारकै कारण यसलाई सबैभन्दा बढी खतरनाक मानिन्छ । यस्ता कण फोक्सोभित्र गहिरो पुगेर शरीरभित्र दीर्घकालीन असर पुऱ्याउन सक्छन् । पीएम १० ले पनि नाक, घाँटी, श्वासप्रश्वास प्रणाली र फोक्सोमा जलन, असहजता र रोगको जोखिम बढाउँछ । विश्व स्वास्थ्य सङ्गठनको सन् २०२१ को मार्गनिर्देशनअनुसार पीएम २.५ को वार्षिक सुरक्षित सीमा ५ माइक्रोग्राम प्रतिघनमिटर र २४ घण्टाको सीमा १५ माइक्रोग्राम प्रतिघनमिटर हो । पीएम १० का लागि वार्षिक सीमा १५ माइक्रोग्राम प्रतिघनमिटर र २४ घण्टाको सीमा ४५ माइक्रोग्राम प्रतिघनमिटर तोकिएको छ । यससँग तुलना गर्दा बुधबार बिहान काठमाडौँमा मापन गरिएको पीएम २.५ र पीएम १० दुवै स्तर उच्च छन् ।

### प्रदूषणका कारण र यसको फैलावट

काठमाडौँको वायु प्रदूषण एउटै कारणले बनेको समस्या होइन । यी कणहरू सवारीसाधनको धुवाँ, डिजेल इन्जिन, फोहोर तथा जैविक पदार्थ जलाउँदा निस्कने धुवाँ, औद्योगिक उत्सर्जन, इट्टाभट्टा, निर्माणस्थलबाट उठ्ने धुलो, सडक र खुला जमिनको धुलो, तथा विभिन्न ग्यासबिच हुने रासायनिक प्रतिक्रियाबाट उत्पन्न हुन सक्छन् । सन् २०२४ मा प्रकाशित एक अध्ययनले काठमाडौँको वायु प्रदूषणलाई अनियन्त्रित सहरी विस्तार, कमजोर नियमन, बढ्दो उत्सर्जन र राजनीतिक प्राथमिकताको कमीसँग जोडेको छ । 'स्प्रिन्जर' मा प्रकाशित अर्को लेखले उच्च सवारी चापलाई काठमाडौँ उपत्यकाको महत्त्वपूर्ण प्रदूषण स्रोत मान्दै दिगो सार्वजनिक यातायात सुधारको आवश्यकता औँल्याएको छ ।

काठमाडौँको वायु प्रदूषणलाई केवल उपत्यकाको भौगोलिक बनावटसँग मात्र जोडेर बुझ्न मिल्दैन । पछिल्ला दिनमा देशका अन्य भागमा पनि धुम्म र प्रदूषित अवस्था देखिएकाले यो समस्या वर्षाको कमी, हावा कम चल्नु, डढेलोको धुवाँ, क्षेत्रीय प्रदूषण र स्थानीय उत्सर्जनजस्ता धेरै कारणको संयुक्त परिणाम हो भन्ने स्पष्ट हुन्छ । काठमाडौँ पोस्टका अनुसार धुम्म अवस्था कोशी, बागमती, गण्डकी र कर्णालीका धेरै भागमा देखिएको थियो । तर काठमाडौँमा भने घना सहरी गतिविधि, उच्च सवारी चाप, स्थिर हावा, वर्षाको अभाव र उपत्यकाको बनावटले प्रदूषक कणहरू लामो समय थामिने भएकाले असर अझ गम्भीर महसुस हुन्छ । त्यसैले काठमाडौँको वायु सङ्कटलाई भूगोल मात्र होइन, उत्सर्जन, मौसम र कमजोर नियन्त्रणको संयुक्त परिणामका रूपमा बुझ्नुपर्छ ।

उपलब्ध अध्ययन र प्रतिवेदनका आधारमा काठमाडौँमा वायु प्रदूषण विशेषगरी जाडो र सुक्खा वसन्तका महिनाहरूमा बढी गम्भीर देखिन्छ, जबकि मनसुन याममा वर्षा र हावाले प्रदूषण केही हदसम्म घटाउने गर्छ । काठमाडौँ पोस्टले अहिलेको धुम्म अवस्था मनसुनपूर्वको मौसममा असामान्य नभएको तर प्रदूषण हटाउन हल्का वर्षाले मात्र नपुग्ने जनाएको छ । काठमाडौँ उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजनाले पनि जाडो महिनामा उपत्यकामा स्थिर र तहगत रूपमा अडिने हावाको अवस्था बन्ने उल्लेख गरेको छ ।

### स्वास्थ्यमा असर र सावधानी

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सार्वजनिक रिपोर्टहरूका अनुसार वायु प्रदूषणको लामो समयसम्मको सम्पर्कले मुटु, रक्तनली, फोक्सो, आँखा र मिर्गौलामा गम्भीर असर पार्न सक्छ र दम तथा क्यान्सरजस्ता रोगको जोखिम पनि बढाउन सक्छ । विश्व स्वास्थ्य सङ्गठनले वायु प्रदूषणलाई 'इस्केमिक' हृदय रोग, पक्षघात, दीर्घ अवरोधात्मक फोक्सो रोग (सिओपिडी), दम र क्यान्सरसहित धेरै नसर्ने रोगसँग जोडेको छ । काठमाडौँ पोस्टको रिपोर्टअनुसार वायु गुणस्तर खस्किएसँगै उपत्यकाका प्रमुख अस्पतालहरूमा फ्लु, भाइरल ज्वरो, खोकी र श्वासप्रश्वाससम्बन्धी समस्या भएका बिरामी बढेका छन् ।

विशेषगरी श्वासप्रश्वास वा मुटुसम्बन्धी समस्या भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती महिला र अन्य संवेदनशील समूहले बढी सावधानी अपनाउनुपर्छ । आईक्यूएयरले काठमाडौँका लागि बाहिरी व्यायाम नगर्न, झ्याल बन्द राख्न, बाहिर निस्कँदा मास्क लगाउन र घरभित्र हावा स्वच्छ राख्न सिफारिस गरेको छ ।

### लन्डनको 'ग्रेट स्मग' बाट के सिक्न सकिन्छ ?

सन् १९५२ डिसेम्बर ५ देखि ९ सम्म बेलायतको लन्डनमा फैलिएको 'ग्रेट स्मग' आधुनिक इतिहासकै सबैभन्दा घातक वायु प्रदूषण घटनामध्ये एक मानिन्छ । सुरुमा यस घटनाका कारण करिब ४,००० जनाको मृत्यु भएको अनुमान गरिएको थियो, तर पछि भएका अध्ययनहरूले वास्तविक मृत्यु सङ्ख्या १०,००० देखि १२,००० सम्म पुगेको देखाएका छन् । त्यति मात्र होइन, एक लाखभन्दा बढी मानिस बिरामी परेका थिए र अस्पतालहरूमा विशेषगरी श्वासप्रश्वाससम्बन्धी समस्या, ब्रोंकाइटिस र मुटुसम्बन्धी जटिलता भएका बिरामीको चाप बढेको थियो । सबैभन्दा बढी असर ज्येष्ठ नागरिक, बालबालिका र पहिले नै फोक्सो वा मुटुसम्बन्धी रोग भएका व्यक्तिहरूमा परेको थियो । दृश्यता केही ठाउँमा एक मिटरभन्दा कम पुगेकाले यातायात ठप्पजस्तै भएको थियो र जनजीवन लगभग ठहरिएको थियो ।

आजको काठमाडौँलाई त्यस घटनासँग ठ्याक्कै दाँज्न मिल्दैन, किनकि दुवै सहरको समय, इन्धनको स्वरूप, औद्योगिक अवस्था र सहरी संरचना फरक छन् । तर, लन्डनको त्यो घटनाले दिएको पाठ भने स्पष्ट छ– वायु प्रदूषणले सबैलाई समान असर गर्दैन; सबैभन्दा बढी क्षति पहिल्यै कमजोर स्वास्थ्य भएका, वृद्धवृद्धा, बालबालिका र निम्न सुरक्षा भएका समूहलाई पुग्छ । अझ महत्त्वपूर्ण कुरा, प्रदूषणलाई सामान्य मौसमी असुविधा मानेर बेवास्ता गर्दा त्यसले छोटो समयमै ठूलो जनस्वास्थ्य सङ्कट निम्त्याउन सक्छ । यही सङ्कटपछि बेलायतले 'क्लिन एयर एक्ट १९५६' लागू गरेर वायु प्रदूषण नियन्त्रणलाई कडा कानुनी दायरामा ल्याएको थियो ।

### नागरिक र सरकारको जिम्मेवारी

वायु प्रदूषणमा मौसम, क्षेत्रीय धुवाँ, डढेलो, सवारीको धुवाँ, धुलो र विभिन्न उत्सर्जन स्रोतको भूमिका छ । त्यसैले नागरिकले "यो त सरकारकै काम हो" भनेर मात्र पन्छिन मिल्दैन । उपत्यकाको बनावट वा मौसम बदल्न सकिँदैन, तर प्रदूषण थप्ने दैनिक व्यवहार भने बदल्न सकिन्छ । एक व्यक्तिका रूपमा अनावश्यक निजी सवारीको प्रयोग घटाउने, सम्भव भएसम्म सार्वजनिक यातायात, साझा यात्रा वा पैदल हिँड्ने बानी बढाउने, फोहोर वा पातपतिङ्गर खुला रूपमा नजलाउने, आफ्नो सवारीसाधनले अत्यधिक धुवाँ फालिरहेको भए मर्मत गराउने, र वायु गुणस्तर धेरै खराब भएका दिनमा अनावश्यक रूपमा लामो समय बाहिर नबस्ने काम गर्न सकिन्छ ।

परिवारका रूपमा बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, दम, मुटु वा फोक्सोसँग सम्बन्धित समस्या भएका सदस्यलाई प्रदूषण धेरै भएका दिनमा विशेष सुरक्षा दिनुपर्छ । उनीहरूलाई अनावश्यक रूपमा बाहिर नपठाउने, बाहिर जानै परे गुणस्तरीय मास्क लगाउने, घरभित्र सकेसम्म धुलो र धुवाँ कम राख्ने र श्वास फेर्न गाह्रो हुने, लगातार खोकी लाग्ने, आँखा पोल्ने वा छाती भारी हुने लक्षण देखिए बेवास्ता नगर्ने व्यवहार परिवारले अपनाउन सक्छ । समुदायका रूपमा टोलमा फोहोर जलाउने, अत्यधिक धुलो उडाउने वा अत्यधिक धुवाँ फाल्ने गतिविधिलाई सामान्य मान्न हुँदैन । स्थानीय सरकारलाई जानकारी दिने, सार्वजनिक सुनुवाइमा प्रश्न उठाउने, विद्यालय र स्वास्थ्य संस्थामार्फत सचेतना फैलाउने र स्वच्छ हावाको मागलाई सङ्गठित रूपमा अघि बढाउने नागरिक दबाब नभएसम्म धेरै नीति कागजमै सीमित रहन सक्छन् ।

काठमाडौँको वायु प्रदूषणलाई केवल मौसम वा भूगोलको समस्या भनेर टार्न मिल्दैन । नेपालमा वायु प्रदूषण नियन्त्रणका लागि कानुनी र नीतिगत आधार नभएका होइनन् । वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, राष्ट्रिय परिवेशीय वायु गुणस्तर मापदण्ड र काठमाडौँ उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०२० जस्ता आधारहरू छन् । त्यसैले अहिलेको मूल प्रश्न "नीति छ कि छैन ?" होइन, "भएका नीति किन लागू भएन ?" भन्ने हो । स्थानीय तहको जिम्मेवारी सडकको धुलो नियन्त्रण, निर्माणस्थलमा धुलो नउड्ने मापदण्ड लागू गराउने, फोहोर सङ्कलन र व्यवस्थापन सुधार गर्ने, खुला रूपमा फोहोर वा पातपतिङ्गर जलाउने काम रोक्ने र प्रदूषण बढी भएका दिनमा सार्वजनिक चेतावनी दिने हो ।

प्रदेश तहको जिम्मेवारी सवारी चाप, क्षेत्रीय सार्वजनिक यातायात, इट्टाभट्टा, औद्योगिक उत्सर्जन र पालिकाबीच जोडिएका प्रदूषण स्रोतहरूमा साझा नीति, निरीक्षण र कार्यान्वयन सुनिश्चित गर्नु हो । सङ्घीय सरकारको जिम्मेवारी पुराना तथा अत्यधिक धुवाँ फाल्ने सवारीसाधनमाथि कडा नियन्त्रण, उत्सर्जन मापदण्डको कठोर कार्यान्वयन, स्वच्छ र भरपर्दो सार्वजनिक यातायात विस्तार, विद्युतीय सवारी प्रवर्द्धन, उद्योग र इट्टाभट्टाका लागि कडा उत्सर्जन मापदण्ड, देशव्यापी वायु गुणस्तर अनुगमन प्रणाली सुदृढीकरण र स्वास्थ्य-वातावरण-यातायात-सहरी विकास क्षेत्रबीच समन्वय गर्नु हो । सरकारका तीनै तहबीच सबैभन्दा ठूलो कमजोरी प्राय: यही देखिन्छ– नीति केन्द्रले बनाउने, कार्यान्वयन स्थानीय तहमा आधा-अधुरो हुने, समन्वय प्रदेश तहमा कमजोर रहने र अन्तत: जिम्मेवारी स्पष्ट रूपमा कसैले नलिने । भूगोल बदल्न सकिँदैन, तर भूगोलले जोखिम बढाउँछ भन्ने थाहा हुँदाहुँदै पनि उत्सर्जन, धुलो, फोहोर जलाउने अभ्यास र कमजोर अनुगमनमाथि कडाइ नगर्नु भने स्पष्ट कार्यान्वयन विफलता हो ।

### निष्कर्ष

काठमाडौँको आजको वायु गुणस्तर सूचकाङ्क १८६, पीएम २.५ को मात्रा १०५.५ माइक्रोग्राम प्रतिघनमिटर र पीएम १० को मात्रा ८९.६ माइक्रोग्राम प्रतिघनमिटरले उपत्यकाको वायु अवस्था गम्भीर बनेको स्पष्ट देखाउँछ । यो समस्या केवल धुलो वा धुवाँको एउटा क्षणिक घटना होइन । यसमा उत्सर्जन स्रोत, मौसमीय स्थिरता, वर्षाको अभाव, उच्च सवारी चाप, निर्माणधुलो, फोहोर जलाउने अभ्यास, क्षेत्रीय धुवाँ र कमजोर कार्यान्वयन सबै मिसिएका छन् । इतिहास, जनस्वास्थ्य विज्ञान र हालका अध्ययनहरूले एउटै कुरा देखाउँछन्– स्वच्छ हावा विलासिता होइन, आधारभूत अधिकार हो । त्यसलाई जोगाउन नागरिकको जिम्मेवारी र सरकारको जवाफदेही कार्यान्वयन दुवै अपरिहार्य छन् ।

# विकराल बन्दै मिर्गौला रोग

● डा. पुकारचन्द्र श्रेष्ठ

विश्व मिर्गौला दिवसको यस वर्ष (सन् २०२६) को नारा अत्यन्त सान्दर्भिक र महत्त्वपूर्ण रहेको छ, 'सबैका लागि मिर्गौला स्वास्थ्य : मानिसको हेरचाह, पृथ्वीको संरक्षण ।' यसले हामीलाई मिर्गौलाको स्वास्थ्य मधुमेह वा उच्च रक्तचापजस्ता रोगसँग मात्र सम्बन्धित नभएको सम्झना गराउन खोजेको छ । बरु, यो हाम्रो वातावरण, जलवायु परिवर्तन र काम गर्ने अवस्थासँग पनि सम्बन्धित रहेकोमा यसले जोड दिएको छ ।

### मिर्गौला रोगको बढ्दो भार

नेपालमा दीर्घकालीन मिर्गौला रोगका बिरामी निरन्तर बढिरहेका छन् । मधुमेह र उच्च रक्तचाप यसको प्रमुख कारण हो । पछिल्लो समय वैदेशिक रोजगारीमा गएका कामदारमा मिर्गौलाको समस्या उच्च दरमा देखिन थालेको छ । 'सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र (एसडीएनटीसी)' मा गरिएको एक अनुसन्धानअनुसार नेपालमा मिर्गौला फेल भएर उपचारमा आएका बिरामीमध्ये करिब एकतिहाइ बिरामी वैदेशिक रोजगारबाट फर्किएका कामदार छन् । यो अत्यन्त गम्भीर तथ्याङ्क हो ।

मिर्गौला रोग मुख्यत: अत्यधिक गर्मी देशमा काम गर्ने वैदेशिक श्रमिकमा बढी देखिन्छ । प्राय: निम्न काममा संलग्न हुने ती मानिस सुरक्षा गार्ड, बाहिरी श्रमिक, बगैँचाका कामदार, समुद्री किनारको निगरानीजस्ता पेसामा संलग्न पाइएको छ । यी पेसामा लामो समयसम्म चर्को घाममा काम गर्नुपर्ने हुन्छ । पर्याप्त पानी पिउन नपाउनु, आरामको अभाव र स्वास्थ्य परीक्षणको कमीले मिर्गौलालाई हानि गर्छ । एसडीएनटीसीमा गरिएको अध्ययनअनुसार रोग देखिएका २१७ वैदेशिक श्रमिकमध्ये ५६.२ प्रतिशत खाडी देशबाट फर्किएका थिए । उक्त सङ्ख्याको दुईतिहाइले ४० डिग्री सेल्सियसभन्दा माथि तापक्रममा काम गरेको पाइएको छ । ७५ प्रतिशतभन्दा बढीले दैनिक १० घण्टाभन्दा बढी काम गर्ने गरेको तिनले बताए । अध्ययनमा सहभागीमध्ये ७८.१ प्रतिशतले दैनिक दुई लिटरभन्दा कम पानी पिएको पाइयो ।

सर्वेक्षणमा सहभागीमध्ये २२.४ प्रतिशतले 'नन-स्टेरोइडल एन्टी-इन्फ्लेमेटरी ड्रग्स (एनएसएआइडीएस)' जस्ता दुखाइ निवारक औषधिको प्रयोग गर्ने गरेको इतिहास भेटियो । अझ त्यसमध्ये पनि २३.५ प्रतिशतले दिनमै तीनपटकसम्म दुखाइ निवारक औषधिको प्रयोग गरेको बताए । नन-स्टेरोइडल एन्टी-इन्फ्लेमेटरी ड्रग्सको लामो समय गरिने प्रयोगले उच्च रक्तचाप, मिर्गौला समस्या, पेटका समस्या र तरल पदार्थ भण्डारणसँग सम्बन्धित रोग निम्त्याउँछ ।

लगभग एकतिहाइ (३९.५ प्रतिशत) उत्तरदाताले तिर्खा लागेको बेलासमेत कामको चापले पानी नपिएको पाइयो । अझ ४०.५ प्रतिशतले पिसाबले च्यापेको बेलासमेत कहिलेकाहीँ पिसाब गर्न छुटाउनुपर्ने अवस्थाबारे बताए । यस अध्ययनमा सहभागी लगभग सबै विदेशमा काम गरेर फर्किएका २०-४९ वर्ष उमेर समूहका आप्रवासी श्रमिक थिए । यसै पनि यो मानिसको जीवनको सबैभन्दा उत्पादनशील आयु समूह हो । त्यसभित्र पनि ४१.५ प्रतिशत ३०-३९ वर्षको र ९४.५ प्रतिशत पुरुष थिए । लगभग आधा (४९.३ प्रतिशत) लाई अन्तिम चरणको मिर्गौला रोग (ईएसकेडी) पहिचान भएर देश फर्काइएको पाइयो । सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र (एसडीएनटीसी)' मा मिर्गौला प्रत्यारोपण गरेका लगभग एकतिहाइ (२८.९ प्रतिशत) व्यक्ति वैदेशिक रोजगारीबाट फर्किएको पाइएको छ ।

### गर्मीको प्रभाव र मिर्गौला क्षति

लामो समयसम्म उच्च तापक्रममा काम गर्दा धेरै पसिना निस्किने भएकाले शरीरमा बारम्बार 'पानीको कमी (डिहाइड्रेसन)' हुन्छ । शरीरमा पानीको कमी हुँदा मिर्गौलामा जाने रक्तप्रवाह घट्छ र मिर्गौलामा अत्यधिक दबाब पर्छ । यस्तो अवस्था पटक-पटक दोहोरिँदा तीव्र मिर्गौला चोट (एक्युट किड्नी इन्जुरी) हुन सक्छ, जुन मिर्गौलाको दीर्घ रोगमा परिणत हुनसक्छ ।

विश्वव्यापी रूपमा पनि गर्मीजन्य मिर्गौला रोग (हिट-स्ट्रेस नेफ्रोप्याथी) बढ्दो समस्या बनिरहेको छ । जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि हुँदै जाँदा जोखिम अझ बढिरहेको छ । नेपालका धेरै युवा वैदेशिक रोजगारबाट फर्किँदा मिर्गौला रोगको अन्तिम चरणमा पुगिसकेका हुन्छन् । यसले उनीहरू मात्र होइन, उनीहरूको परिवार र देशको अर्थतन्त्रमा पनि गम्भीर असर पार्छ । गर्मी मात्र होइन, प्रदूषणले पनि शरीरमा दीर्घकालीन सुजन र रक्तचाप बढाएर मिर्गौलामा क्षति पुऱ्याउन सक्छ ।

मिर्गौला रोगको उपचार पनि स्रोत-साधनको दृष्टिले गम्भीर विषय हो । डायलाइसिस जीवनरक्षक उपचार हो । मिर्गौला प्रत्यारोपण अन्तिम चरणको मिर्गौला रोगको सबैभन्दा प्रभावकारी उपचार हो । सफल प्रत्यारोपणपछि बिरामी सामान्य जीवनयापन गर्न र पुन: सक्रिय जीवन बिताउन सक्छ । नेपालले अङ्ग प्रत्यारोपण क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । तर, रोकथाम नै सबैभन्दा प्रभावकारी उपाय हो ।

विशेषगरी, वैदेशिक रोजगारमा जाने कामदारको नियमित स्वास्थ्य परीक्षण अनिवार्य हुनुपर्छ । यसअन्तर्गत विदेश जानेलाई पर्याप्त पानी पिउने कुराको महत्त्व बुझाउनुपर्छ । काम गर्ने स्थानमा आराम र छायाको व्यवस्थाबारे जानकारी लिन प्रोत्साहित गर्नुपर्छ । त्यस्तै, शरीरको तौलको नियन्त्रण गर्ने, धूमपान र मदिराको सेवन घटाउने वा त्याग्ने कुराले पनि शरीर र मिर्गौला स्वास्थ्य राख्न भूमिका खेल्छ ।

त्यसबाहेक सरकारले आवश्यक परे विदेशमा धेरै नेपाली काम गर्ने क्षेत्रमा श्रमिक सुरक्षासम्बन्धी नीतिगत सुधार गर्न पहल गर्न सक्छ । जोखिम समूहमा नियमित मिर्गौला परीक्षण गर्न आह्वान गर्नेदेखि विश्वव्यापी पर्यावरण संरक्षणमा सहभागी भएर बृहत्तर रूपमा मिर्गौलाको समस्या कम गर्न भूमिका खेल्न सक्छ ।

वरिष्ठ मिर्गौला प्रत्यारोपण विज्ञ डा. श्रेष्ठ 'धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्र'का पूर्वनिर्देशक हुन् ।

## Vacancy Announcement

We are seeking for an experienced and qualified candidate for the following post.

| Post | Level | Subject | No.of staff | Qualification |
|---|---|---|---|---|
| Teacher | Primary | Math | 1 | 10+2 Passed |
| Grade Teachers | Pre–primary | | 2 | 10+2 Passed |

**To Apply:**

Please apply with application letter, updated C.V and credentials no later than 15th Chaitra, 2082at the office.
Contact No.: 01-6619992, 9851419992, 9851106636
E–mail: wisdomschool.nepal@gmail.com

**Wisdom English School**
Kamalvinayak, Bhaktapur–10
Contact No.:01-6619992

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।

- ❖ सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- ❖ विविधतामा एकताको भावना विकास गरौं,
- ❖ जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- ❖ चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- ❖ घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य बढाऔं,
- ❖ आपसी समझदारी कायम गरौं,
- ❖ शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रजग कोरियाद्वारा जापानी समुद्रमा दस वटा ब्यालेस्टिक मिसाइल प्रहार



सियोल, ३० फागुन (एएफपी) । प्रजग कोरियाको सुनान क्षेत्रबाट पूर्वी सागरतर्फ दिउँसो १:२० बजे ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरिएको संयुक्त प्रमुख स्टाफले विज्ञप्तिमार्फत जनाएको छ । क्षेप्यास्त्रहरू करिब ३५० किलोमिटर दूरीसम्म प्रहार गरिएको बताइएको छ ।

दक्षिण कोरियाली सेना 'कुनै पनि उक्साहटको जवाफ दिन' तयार रहेको संयुक्त प्रमुख स्टाफले जनाएको छ । जापानको रक्षा मन्त्रालयले सामाजिक सञ्जालमार्फत प्रक्षेपणको पुष्टि गर्दै उक्त ब्यालेस्टिक क्षेप्यास्त्र प्रजग कोरियाबाटै प्रक्षेपण गरिएको जनाएको छ ।

दक्षिण कोरियाली प्रधानमन्त्री किम मिन-सिओकले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्योङ्याङका नेता किम जोङ-उनसँग भेटवार्ता गर्ने निर्णय गरेको केही समयपछि यो घोषणा आएको बताएका छन् ।

वासिङटनले दशकौंदेखि प्रजग कोरियाको आणविक कार्यक्रम अन्त्य गर्ने प्रयासको नेतृत्व गरिरहेको जनाइएको छ । ट्रम्प प्रशासनले पछिल्लो समय प्योङयाङसँग उच्चस्तरीय वार्तालाई पुनर्जीवित गर्न दबाब दिँदै आएको छ ।

अक्टोबरमा एसियाको भ्रमणका क्रममा ट्रम्पले किम जोङ-उनसँग भेटका लागि आफू खुला रहेको बताएका थिए भने प्रजग कोरियाले उक्त टिप्पणीको जवाफ दिएको थिएन ।

महिनौँसम्म ती प्रस्तावहरूलाई धेरै हदसम्म बेवास्ता गरेपछि किम जोङ-उनले हालै वासिङटनले प्योङ्याङको आणविक स्थितिलाई स्वीकार गरेमा दुई राष्ट्रबिच मेलमिलाप हुन सक्ने बताउनुभएको छ ।

हाल विश्वको ध्यान मध्यपूर्वको युद्धतर्फ केन्द्रित रहेको अवस्थामा प्रजग कोरियाले आफ्नो उपस्थितिमा ध्यान आकर्षित गर्न ऐतिहासिक रूपमा सैन्य उक्साहट गर्दै आएको कोरिया सैनिक मामिला अध्ययन संस्थानका वरिष्ठ अनुसन्धानकर्ता होङ सुङ-पियोलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ ।

सन् १९५० मा आफ्नो छिमेकीमाथि आक्रमण गरी कोरियाली युद्ध सुरु गरेको परमाणु-सशस्त्र प्रजग कोरियाले लामो समयदेखि यस्तो अभ्यासलाई आक्रमणको तयारीका रूपमा व्याख्या गर्दै आएको छ ।

प्योङ्याङले इरानमाथि भएको अमेरिका-इजरायल आक्रमणलाई अवैध कार्य भन्दै निन्दा गरेको छ भने यसले अमेरिकाको दुष्ट प्रकृति देखाउने दाबी पनि गरेको छ ।

**शिक्षण...**

यतिबेला आधा भरिएको ग्यासको सिलिन्डर किन्न लाइन बस्नुपर्ने भयो ।"

नेमकिपाले विश्वमा भइरहेको हतियार र युद्ध निर्यातको विरोध गर्दै आएको स्पष्ट पार्दै सचिव सुवालले भन्नुभयो, "पार्टीको यो आवाजलाई नबुझ्नेकाहरूले विदेशीको कुरा किन भनी भ्रम फैलाउँदै छन् । बाँकी संसारमा शान्ति कायम नभएसम्म नेपालमा मात्र शान्ति कायम नहुनेबारे हामी प्रस्ट हुनु जरुरी छ ।"

उहाँले भन्नुभयो, "नेमकिपाको एउटै लक्ष्य देश र जनताको निःस्वार्थ सेवा हो । निर्वाचनमा नेमकिपाले आचारसंहिता पालना गऱ्यो । सरकार र निर्वाचन आयोगले आचारसंहिता उल्लङ्घन गरेकाहरूलाई कारबाही गरेनन् । निर्वाचनको परिणामबाट हामीले देश र जनताको थप सेवा गर्ने पाठ लिनेछौँ ।"

उहाँले थप्नुभयो, "देश र जनताको सेवा नगर्नेहरूको सरकारबाट उपलब्धि हुनेछैन । अघिल्ला संसद्मा रातो राहदानी बेच्ने, कुर्सी तोडफोड गर्ने, प्रमुख जिल्ला अधिकारीलाई चड्कन हान्ने जस्ता अनेक अनैतिक र भ्रष्टाचारका घटना भए । त्यतिबेला जनताले 'सिंहदरबारमा बाँदर पसेको' गुनासो गरे । अहिलेका शासकहरू सचेत नभए हिजोजस्तै भ्रष्टाचार बढ्नेछ ।"

वाग्मती प्रदेश सांसद गीता काफ्लेले संविधानमा प्रत्याभूत गरिएको शिक्षा र स्वास्थ्य निःशुल्क र अनिवार्य हुनुपर्ने प्रावधानअनुरुप सरकारले कार्य गर्न नसकेको बताउनुभयो ।

सार्वजनिक विद्यालय संयुक्त परीक्षा समितिका प्रतिनिधि चक्रबहादुर चाकतुले संयुक्त परीक्षा समिति सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गुणस्तर विकास र शिक्षण गतिविधिलाई समय सापेक्ष आकर्षक र परिमार्जनको लागि विभिन्न गतिविधिहरू सञ्चालन भइरहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति न्हुछेभक्त फोजुले विद्यालय विकासमा भएको आरोह अवरोहको विषयमा चर्चा गर्नुभयो ।

चाँगुनारायण नपा ५ का वडा सदस्य प्रभुराम थापा, विद्यार्थी सिम्रन नगरकोटी, भूतपूर्व विद्यार्थी कृतिका सुवालले शुभकामना मन्तव्य राख्नुभयो ।

विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर फोजुले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको सो कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक रामकृष्ण त्यातले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यालय निर्माणको क्रममा २०३८ सालमा सहयोग गर्ने २४ जना सहयोगी श्रमदाताहरूलाई सम्मान, अनिवार्य अवकाशप्राप्त कृष्णकुमार दुवाललाई सम्मान र बिदाइ, अध्यापनरत २० जना शिक्षकहरूको सम्मान, कर्मचारी सम्मान र विद्यालयको आन्तरिक र बाह्य कार्यक्रममा पहिलो, दोस्रो र तेस्रो हुन सफल २२२ जना विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### पसल तथा शौचालय भवन (कोठा) बहालमा सञ्चालन गर्न दिनेसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति २०८२।१२।०१

यस नगरपालिकाको स्वामित्वमा रहेका देहायका पसल (गोदाम कोठा) तथा शौचालयहरू बहालमा सञ्चालन गर्न दिइने भएकोले बहालमा लिन इच्छुक व्यक्ति वा फर्महरूले तल उल्लेखित सर्त मञ्जुर गरी न्यूनतम वार्षिक बहाल रकममा बढाई के कति वार्षिक बहालमा लिन चाहने हो, आफूले कबुल गरेको अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने रकम नेपाल बैङ्क लिमिटेड भक्तपुर शाखा, भक्तपुर नगरपालिकाको धरौटी खाता नं ०१९०३००००००३००००००००३ मा जम्मा गरेको सक्कल भौचर र आवश्यक कागजातसमेत बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा भक्तपुर नगरपालिकामा प्राप्त हुने गरी सिलबन्दी दरभाउपत्र पेस गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको वा रीत नपुगेको दरभाउपत्रउपर कुनै कारबाही हुनेछैन । दर्ता हुन आएका दरभाउपत्र मिति २०८२।१२।९ गते सोमबार बिहान ११:०० बजे नगरपालिका कार्यालयमा खोलिनेछ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्नेछ । उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बुझाउने अन्तिम दिन र खोलिने दिन बिदा परेमा त्यसको भोलिपल्टको सोही समय कायम हुनेछ । दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नपामा निहित हुनेछ ।

**सर्तहरू**

१) दरभाउपत्रदाताले दरभाउपत्र फाराम भर्दा नगरपालिकाबाट वितरित फारममा नै भर्नुपर्नेछ । दरभाउपत्र फारम फिर्ता नहुने गरी कर उपशाखामा रु. १,०००। दस्तुर तिरी लिनुपर्नेछ ।
२) दरभाउपत्र पेस गर्दा खामको बाहिर कुन पसल(गोदाम) वा शौचालयको लागि दरभाउपत्र पेस गर्न लागेको हो सो र दरभाउपत्रदाताको नाम स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । जसको नामबाट दरभाउपत्र खरिद गरेको हो निजकै नामबाट दर्ता गर्नुपर्नेछ ।
३) पसल (गोदाम कोठा) तथा शौचालयहरूको न्यूनतम कबोल अङ्क तपसिलमा उल्लेख गरिएको छ ।
४) धरौटी रकम बैङ्क दाखिला गर्दा तीनप्रतिको धरौटी भौचर भर्नुपर्नेछ । एकप्रति सक्कल भौचर र अन्य तोकिएको कागजात सिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।
५) उपरोक्त सम्बन्धमा अन्य जानकारी लिनुपरेमा यस नगरपालिकाको कर उपशाखामा सम्पर्क राख्न सकिनेछ वा कार्यालयको फोन नं. ०१-६६११५२२ मा सम्पर्क गर्न सकिनेछ ।

**बहालमा दिने पसल(गोदाम कोठा) तथा शौचालयको विवरण**

| क्र.सं. | पसल (गोदाम कोठा) तथा शौचालय | वडा नं. | न्यूनतम कबोल अङ्क (वार्षिक बहाल) रकम (रू.) |
|---|---|---|---|
| १. | कमलविनायकस्थित नमुना भवन पसल नं. १ | १० | ४,९२,०००।- |
| २. | कमलविनायकस्थित नमुना भवन गोदाम कोठा नं. १ | १० | १,४४,०००।- |
| ३. | कमलविनायकस्थित नमुना भवन गोदाम कोठा नं. २ | १० | १,४४,०००।- |
| ४. | दत्तात्रयक्षेत्रस्थित सार्वजनिक शौचालय | ९ | ३०,०००।- |

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### विज्ञापन करको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति २०८२।१२।०१**

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिकाक्षेत्रस्थित अरनिको राजमार्गमा रहेका ४ वटा आकाशे पुलहरूको यस भक्तपुर नगरपालिका क्षेत्रतर्फ पर्ने आधा भागमा विज्ञापन सामग्री राखी विज्ञापन गर्न चाहने इच्छुक व्यक्ति वा फर्महरूले तल उल्लेखित सर्त मञ्जुर गरी न्यूनतम वार्षिक कर रकममा बढाई के कति वार्षिक विज्ञापन कर बुझाई विज्ञापन सामग्री राख्ने हो, आफूले कबुल गरेको अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने रकम नेपाल बैङ्क लिमिटेड भक्तपुर शाखा, भक्तपुर नगरपालिकाको धरौटी खाता नं ०१९०३००००००३००००००००३ मा जम्मा गरेको सक्कल भौचर र आवश्यक कागजातसमेत बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा भक्तपुर नगरपालिकामा प्राप्त हुने गरी सिलबन्दी दरभाउपत्र पेस गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको वा रीत नपुगेको दरभाउपत्रउपर कुनै कारबाही हुनेछैन । दर्ता हुन आएका दरभाउपत्र मिति २०८२।१२।९ गते सोमबार बिहान ११:०० बजे नगरपालिका कार्यालयमा खोलिनेछ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्नेछ । उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बुझाउने अन्तिम दिन र खोलिने दिन बिदा परेमा त्यसको भोलिपल्टको सोही समय कायम हुनेछ । दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नपामा निहित हुनेछ ।

**सर्तहरू**

१) दरभाउपत्रदाताले दरभाउपत्र फाराम भर्दा नगरपालिकाबाट वितरित फारममा नै भर्नुपर्नेछ । दरभाउपत्र फारम फिर्ता नहुने गरी कर उपशाखामा रु. १,०००।- दस्तुर तिरी लिनुपर्नेछ ।
२) दरभाउपत्र पेस गर्दा खामको बाहिर विज्ञापन करको दरभाउपत्र भनी उल्लेख गर्ने साथै दरभाउपत्रदाताको नाम स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । जसको नामबाट दरभाउपत्र खरिद गरिएको हो निजकै नामबाट दर्ता गर्नुपर्नेछ ।
३) विज्ञापन करको न्यूनतम कबोल अङ्क तपसिलमा उल्लेख गरिएको छ ।
४) धरौटी रकम बैङ्क दाखिला गर्दा तीनप्रतिको धरौटी भौचर भर्नुपर्नेछ । एकप्रति सक्कल भौचर र तोकिएको अन्य कागजात सिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।
५) उपरोक्त सम्बन्धमा अन्य जानकारी लिनुपरेमा यस नगरपालिकाको कर उपशाखामा सम्पर्क राख्न सकिनेछ वा कार्यालयको फोन नं. ०१-६६११५२२ मा सम्पर्क गर्न सकिनेछ ।

**विज्ञापन करको लागि न्यूनतम अङ्क**

| क्र.सं. | विज्ञापन सामग्री राख्ने स्थान | न्यूनतम कबोल अङ्क (वार्षिक विज्ञापन कर) ४ वटै पुलको लागि एकमुष्ट रकम (रू.) |
|---|---|---|
| १. | अरनिको राजमार्गस्थित ४ वटा आकाशे पुलको भक्तपुर नगरपालिकातर्फको आधा भाग | ६,४४,२०४।- |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा